# गुलरिया गाथा

पाठ्य सामग्री

कक्षा ७



# सन्दर्भ सामग्री

## गुलरिया गाथा

## कक्षा – सात

गुलरिया नगरकार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
गुलरिया, बर्दिया

**प्रकाशक :**
गुलरिया नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
गुलरिया, बर्दिया

**प्रमुख संरक्षक :**
श्री मुक्तिनाथ यादव – नगर प्रमुख

**संरक्षक :**
श्री सावित्रा गौतम – नगर उप-प्रमुख

**सल्लाहकार :**
श्री ओमकार शाह – प्रमुख प्रशासकीय अधिकृत
श्री सतिश यादव – शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख (शाखा अधिकृत)
श्री रुपसिङ खत्री – लेखा अधिकृत

© **सर्वाधिकार:**
गुलरिया नगरपालिका

कक्षा ७ पाठ्य सामग्री निर्माण समिति
संयोजकः श्री सुनिल कुमार यादव
सदस्य : श्री माधवराज ढकाल
सदस्य : श्री अनिल कुमार श्रीवास्तव
सदस्य : श्री मन्सुर अन्सारी
सदस्य : श्री सुमन चौधरी

**कम्प्युटर लेआउट :**
श्री प्रभात सुवेदी, श्री लक्ष्मण चौधरी
भाषा सम्पादन :
श्री प्रमोद कुमार तिमिल्सिना, श्री भीष्मराज ढकाल,

**आवरण डिजाइन :**
श्री प्रभात सुवेदी
वि.सं. : २०८०, असार

**मुद्रण :**
बागेश्वरी प्रिन्टर्स तुलसीपुर, दाङ
मो. ९८४७८२८३१४, ९८५७८४९५८०

# भूमिका

मानव चेतना र सभ्यताको विकास बिना समाज परिवर्तनको कल्पना गर्न सकिदैन । समाजको परिवर्तनबाट मात्र राष्ट्रको विकास सम्भव हुने भएकोले सबै पक्षको समुचित विकासको आधारशीला नै शिक्षा हो । शिक्षा मार्फत प्रदान गरिने ज्ञान, सिप र अभिवृत्तिको हस्तान्तरण गर्ने विधिहरूमध्ये औपचारिक शिक्षा एउटा प्रमुख माध्यम हो । औपचारिक शिक्षाको प्रारम्भिक चरण भनेको आधारभूत शिक्षा हो । आधारभूत शिक्षालाई गुणस्तरीय र जीवनोपयोगी सिपमा आधारित बनाउँदै प्रभावकारी कार्यान्वयन गर्न सकिएमा शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्त गर्न सकिन्छ ।

नेपालको संविधान अनुसूची ८ मा माध्यमिक तहसम्मको शिक्षालाई सञ्चालन व्यवस्थापन र नियन्त्रण गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भ र प्राथमिक शिक्षा पाठ्यक्रम २०४९, यसैगरी आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ ले कक्षा १-३ मा साप्ताहिक ५ कार्यघण्टा र कक्षा (४-८) मा साप्ताहिक ४ कार्यघण्टाको १०० पूर्णाङ्क स्थानीय विषय/भाषा समावेश गरेकाले गुलरिया नगरपालिकाले पालिकाभित्र रहेका स्थानीय कला, संस्कृति, ऐतिहासिक परम्परा, धार्मिक, पुरातात्विक तथा पर्यटकीय स्थानहरूको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यका साथ ‘गुलरिया गाथा’ स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७९ देखि पालिकाभित्र रहेका संस्थागत तथा सामुदायिक विद्यालयहरूमा लागु गर्नेगरी तयार गरिएकोमा पाठ्यक्रममा निदृष्ट विषयवस्तुहरूको सिकाइका लागि कक्षा १ देखि ८ सम्मको पाठ्य सामग्री तयार गरिएको छ ।

प्रस्तुत सन्दर्भ सामग्रीबाट नगर क्षेत्रमा रहेका महत्त्वपूर्ण विषयवस्तुहरूको परिचय गराई बालबालिकाहरूलाई आफ्नो ठाउँका कला र संस्कृतिसँग परिचित गराउन र आफ्नोपनको सकारात्मक सोचको विकास गराउँदै श्रमप्रति सम्मान गर्ने, स्वाभिमानी तथा स्वावलम्बी धारणाको विकास गर्ने, राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय तहका विषयवस्तुहरूसँग परिचित गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। यो पाठ्यसामग्री गुलरिया नगरपालिकाको शिक्षाको उद्देश्य हासिल गर्ने, स्थानीय विषयवस्तु ज्ञान, सिप, संस्कृति, प्राकृतिक सम्पदाको सम्भावना आदिलाई समेटेर तयार गरिएकोले बालबालिकाहरूको सिकाइमा सघाउ पुग्ने छ ।

गुलरिया नगरपालिकाले तयार गरेको पाठ्यक्रम अनुरूपका विषयवस्तुका साथै यस क्षेत्रको कला, संस्कृति, धर्म, कृषि, पर्यटन, सम्पदा, स्थानीय पेशा व्यवसाय र प्रविधिलाई पाठ्य सामग्रीमा समेटिएको छ । गुलरिया नगरपालिकामा लामो समयसम्म कार्यरत अनुभवी शिक्षकहरूको विज्ञ समूहबाट छलफल, अन्तर्क्रिया तथा कार्यशाला बैठकको आयोजना गरी तथा स्थलगत भ्रमण समेत गरी आफ्नो मिहिनेत र लगनबाट यो पाठ्य सामग्री तयार गर्न महत्त्वपूर्ण सहयोग पुर्‍याउनुहुने सबैप्रति गुलरिया नगरपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ। गुलरिया नगरपालिकाको पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको समेत अपेक्षा गरिएको छ। कक्षा १ देखि ८ सम्म प्रकाशन गरिएको सन्दर्भ सामग्रीलाई अझै प्रभावकारी बनाउनका लागि यस नगरपालिकाले सामग्री प्रयोगकर्ता लगायत सम्बन्धित सबै पक्षबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ। प्राप्त सुझावहरूका आधारमा आगामी संस्करणहरूमा परिमार्जन गर्दै लगिने छ।

मुक्तिनाथ यादव
नगर प्रमुख


# विषयसूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| एकाई : १ | **हाम्रो गुलरिया** | |
| | पाठ १ बर्दिया जिल्लाको नक्सा र मुख्य मुख्य पालिकाहरू | २ |
| | पाठ २ नगरपालिकाका प्रमुख आयोजनाहरू | ५ |
| | पाठ ३ आयोजनाहरूको बजेट र योजना अवधि | ६ |
| एकाई : २ | **हाम्रो संस्कार संस्कृति र परम्परा** | |
| | पाठ १ हाम्रा भेषभूषा र चाडवर्पहरू | ९ |
| | पाठ २ रीतिरिवाज र चाडपर्वहरू | ११ |
| | पाठ ३ धार्मिक समुदायका आस्थाका केन्द्रहरू | १६ |
| | पाठ ४ लोकगीत र लोकबाजाहरू | १९ |
| | पाठ ५ बाल विवाह | २२ |
| एकाई : ३ | **स्थानीय पेसा, व्यवसाय र प्रविधि** | |
| | पाठ १ घरेलु आरन उद्योग | २६ |
| | पाठ २ हाम्रा कृषि उपजहरू | २८ |
| एकाई : ४ | **हरियाली विद्यालय र स्वच्छ नगर** | |
| | पाठ १ हरियाली तथा स्वच्छ नगर | ३१ |
| | पाठ २ वृक्षारोपण र सरसफाइ | ३३ |
| | पाठ ३ हरियाली विद्यालय र स्वच्छ नगर | ३६ |
| | पाठ ४ हरियाली प्रवर्द्धनमा हाम्रो सहभागिता | ३८ |
| | पाठ ५ सोकपिट निर्माण र महत्त्व | ४१ |
| एकाई : ५ | **विपद् सावधानी र सुरक्षा व्यवस्थापन** | |
| | पाठ १ विपद् | ४४ |
| | पाठ २ जोखिम न्यूनीकरणका उपाय | ४८ |
| | पाठ ३ विपद्मा सामाजिक संघ संस्थाको भूमिका | ५० |
| | पाठ ४ सडक दुर्घटना | ५३ |
| एकाई : ६ | **हाम्रा सम्पदाहरू** | |
| | पाठ १ बर्दिया जिल्लाका प्रमुख सम्पदाहरू | ५८ |
| | पाठ २ विश्वको दुर्लभ वन्यजन्तु कृष्णसार | ६१ |
| | गुलरिया गान | ६३ |

# हाम्रो गुलरिया

**सिकाइ उपलब्धिहरू :**

- बर्दिया जिल्लाको नक्शा कोरी पालिकामा रहेका मुख्य-मुख्य स्थानहरु देखाउन,
- नगरपालिकाले सञ्चालन गरेका मुख्य-मुख्य विकास आयोजनाहरुको परिचय दिन।
- नगरपालिकाबाट सञ्चालित मुख्य आयोजनाहरुमा विनियोजित बजेट र आयोजनाको अवधिबारे बताउन।




# बर्दिया जिल्लाको नक्सा र मुख्य मुख्य पालिकाहरू

**बर्दिया जिल्लाको संक्षिप्त परिचय :**

नेपालको पश्चिम तराई लुम्बिनी प्रदेशमा अवस्थित विशेष गरी आदिवासी जनजाति थारुहरुको बाहुल्यता भएको प्राकृतिक मनोरम सुन्दरताले भरिपूर्ण पूर्वमा बाँके र सल्यान, उत्तरमा सुर्खेत, पश्चिममा कैलाली जिल्ला र दक्षिणमा भारतको सिमानासंग जोडिएको नेपालको कुल भु भागको २०.२५ वर्ग कि.मि मा फैलिएको बर्दिया जिल्ला नेपालको समग्र पर्यटकीय र आर्थिक विकासका सम्भावनाहरु बोकेको जिल्ला हो। यहाँका मुख्य जातिहरुमा थारु, मुस्लिम, क्षेत्री, ब्राह्मण आदि रहेका छन्। प्राकृतिक रुपमा प्रसिद्ध रहेको बर्दिया राष्ट्रिय निकुञ्ज विश्वको दुर्लभ मानिने बन्यजन्तु कृष्णसार संरक्षण क्षेत्र खैरापुर पनि यसै बर्दिया जिल्लामा अवस्थित छ। नेपालको सबै भन्दा लामो नदी गेरुवा कर्णाली नदी पनि बर्दिया जिल्लाको पश्चिमी फाँटहरुलाई सिञ्चित गरी बगेको छ। नेपालकै सबैभन्दा लामो सडक पुल (१०१५ मिटर) यसै नदीमाथि निर्मित छ। बर्दिया राष्ट्रिय निकुञ्ज हुँदै बग्ने यो नदीले जिल्लाका विभिन्न पालिकाका खेतीयोग्य जमिनमा सिचाईं गरेको छ। अर्कोतर्फ बढैयाताल, खैरेनीको सतखलुवा ताल, मानव निर्मित धार्मिक स्थलहरु ठाकुरबाबा मन्दिर, बाँसगढी नगरपालिकामा रहेको केदारेश्वर धाम, गुलरियाको कोटही मन्दिर, बागेश्वरी मन्दिर, बारबर्दियाको सदाशिव मन्दिरहरु यहाँका प्रमुख धार्मिक स्थलहरु हुन्। बर्दिया जिल्लामा ८ ओटा पालिकाहरु रहेका छन्। जसमध्ये ६ ओटा नगरपालिका र २ ओटा गाउँपालिकाहरु रहेका छन्।

**बर्दिया जिल्लाको नक्सा**



**गुलरिया नगरपालिकाको संक्षिप्त परिचय :**

तत्कालीन गुलरिया मथुराहरद्वार, साविक महम्मदपुर गा.वि.स र खैरापुर गा.वि.स लाई मिलाएर वि.स. २०७३ सालमा गुलरिया नगरपालिकाको घोषणा भएको थियो । जुन नगरपालिकामा थारु तथा मधेशी समुदायको बाहुल्यता रहेको छ भने अन्य जातजातिका मानिसहरुको समेत बसोबास रहेको छ। २०७८ सालको जनगणना अनुसार गुलरिया नगरपालिकामा कूल घरपरिवा १६,००२ रहेका छन् भने जम्मा जनसङ्ख्या ७४५०५ रहेको छ। जसमा महिलाको जनसङ्ख्या ३७,७७८ जना र पुरुषको जनसङ्ख्या ३६,७२७ जना रहेको छ। गुलरिया नगरपालिका नेपालको पश्चिम तराई क्षेत्रमा समुन्द्र सतह देखि १४५ मी. उचाइमा लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लामा पर्दछ। यस नगरपालिकाको जम्मा कुल क्षेत्रफल ११८.२१ वर्ग कि.मी. रहेको छ।

**गुलरिया नगरपालिकाका मुख्य मुख्य क्षेत्रहरुको अवस्थिति :**

पूर्वमा बढैयाताल गाउँपालिका, पश्चिममा मधुवन नगरपालिका, उत्तरमा बारबर्दिया नगरपालिका र दक्षिणमा भारतको उत्तर प्रदेशको सिमानासम्म फैलिएको पालिका हो । गुलरिया नगरपालिका नदीको बेसिन क्षेत्रमा अवस्थित मलिलो भूमि तराइको भूभागले ढाकेको छ। कर्णाली नदीको शाखा नदीको रुपमा रहेको बबई नदी बर्दिया राष्ट्रिय निकुञ्ज र बारबर्दिया नगरपालिका हुँदै गुलरिया नगरपालिकाको पूर्वी सिमाना भएर बगेको छ। यस बबई नदीलाई स्थानीय तहमा भादा नदीको नामले चिन्ने गरिएको छ। त्यसैगरी यस नगरको पश्चिम भागलाई सर्जु नदीले सिञ्चित गरेको छ।

- वार्ड नं. २ खैरापुरमा कृष्णसार संक्षण क्षेत्र रहेको छ।
- वार्ड नं. ४ मा कोटही मन्दिर र लक्ष्मीनारायण मन्दिर, वार्ड नं. १ मा पार्वती मन्दिर, वार्ड नं. ७ मा बागेश्वरी मन्दिर, वार्ड नं. ६ मा राधाकृष्ण मन्दिरहरु रहेका छन् ।
- वार्ड नं. ४ मा कभर्ड हल (खेलमैदान) रहेको छ।
- वार्ड नं. ४ तुलसीपुर मा मिनी पार्क र भगहर ताल।
- वार्ड नं. ५ बालापुरको पिक्निक स्थल।
- वार्ड नं. ७ हाटबजार
- वार्ड नं. ८ मा पशु हाटबजार।

**परियोजना कार्य :**

» बर्दिया जिल्लाको नक्सा बनाई पालिकाहरुको नाम लेखी ती पालिकाहरुमा पर्ने मुख्य-मुख्य स्थानहरु जस्तै नदी, ताल, धार्मिक स्थललाई उचित संकेतमा देखाई कक्षा कोठमा प्रस्तुत गर्नुहोस् ।
» गुलरिया नगरपालिकाको नक्सा बनाई मुख्य-मुख्य स्थानहरु देखाउनुहोस् ।

१) **दिइएको खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् ।**

क) गुलरिया नगरपालिकाको पूर्वमा.................पालिका अवस्थित छ।
ख) गुलरिया नगरपालिकाको क्षेत्रफल..............रहेको छ।
ग) कृष्णसार संरक्षण क्षेत्र गुलरिया नगरपालिकाको.................नं. वार्ड मा पर्दछ।
घ) गुलरिया न.पा. को सबैभन्दा ठुलो वार्ड............हो ।

ङ) गुलरिया न.पा.को पूर्वमा रहेको नदीको नाम ...............हो ।

**अभ्यास :**

२: **तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् :**

क) बर्दिया जिल्लामा कति ओटा पालिकाहरु रहेका छन् । नाम लेख्नुहोस् ।

ख) बर्दिया जिल्लामा रहेका मुख्य-मुख्य धार्मिक स्थलहरु के-के हुन पत्ता लगाई सुची बनाउनुहोस् ।

ग) बर्दिया जिल्लाका प्रमुख पर्यटकीय स्थलहरुको नाम लेख्नुहोस् ।

घ) गुलरिया नगरपालिकामा रहेका मुख्य स्थानहरुको सूची बनाउनुहोस् ।

ङ) गुलरिया नगरपालिकासँग सिमाना जोडिएका पालिकाहरुको नाम लेख्नुहोस् ।

**परियोजना कार्य :**

गुलरिया नगरपालिकाको नक्सा कोर्नुहोस् र नगरपालिका भित्र पर्ने मुख्य-मुख्य स्थानहरुलाई उपयुक्त सङ्केतको प्रयोग गरी देखाउनुहोस् ।

# नगरपालिकाका प्रमुख आयोजनाहरू

निश्चित उद्देश्य, लक्ष्य, रणनीति, कार्यनीति तय गरी देशको साधन अनुरुप निश्चित समय किटान गरी बनाइएको अग्रिम खाकालाई आयोजना भनिन्छ। आयोजनाले कुनै पनि कार्यलाई उचित समयमा सम्पन्न गर्न मद्दत गर्दछ। कुनै पनि कार्यलाई निश्चित र उचित उद्देश्यका साथ समयमा सम्पन्न गर्नको लागि आयोजना निर्माण अपरिहार्य हुन्छ। योजना विनाका कार्यले पूर्णता पाउन कठिन हुने भएकोले अहिले हाम्रो देशको समग्र विकासको लागि देशभर केन्द्रीकृत सरकारलाई विकेन्द्रित गरी स्थानीय पालिकाहरुलाई अधिकार प्रदान गरिएको छ त्यसैले गुलरिया नगरपालिकाले पनि समग्र भौतिक पर्यटकीय, मानवीय सक्षमता आदि विकासका लागि विभिन्न योजनाहरु निर्माण गरेको छ।

**गुलरिया नगरपालिकाको मुख्य–मुख्य आयोजनाहरू :**

१) मधुवन सिमाना देखि १० नं. चोक हुँदै पूर्वमा भगरैह्या जाने कालोपत्रे सडकमा जोड्ने बाटोमा नली निर्माण।
२) छेदापुर चोकबाट दक्षिण १० नं. गाउँ जाने बाटोमा सडक नाली निर्माण।
३) वडा नं. ३ को विद्यालयहरुको मर्मत सम्भार।
४) वडा नं. ३ का विभिन्न बाटोहरुमा माटो पटान।
५) बेचौपुर खानेपानी आयोजनाको नयाँ पाइपलाईन विस्तार (८ कि.मी)।
६) सुहेलवा स्कूल रामधानको घरदेखि पूर्व भट्टा नजिक सम्म कच्ची नाली निर्माण।
७) तारा बहादुरको घरदेखि रामपुर मुक्त कमैया सम्म नाली सफा तथा मर्मत सम्भार।।
८) सेवक धोवीको घरदेखि पूर्व जानो बाबाद्धिन लोधको घरसम्म माटो पटान तथा मर्मत सम्भार।
९) १२ नं. वडा कार्यालयको भवनको चार कोठे माथिल्लो तल्ला निर्माण।
१०) भैँसाही बाँगी थारुको घरदेखि दक्षिण दिल बहादुर थारुको घर सम्म २ कि.मी माटो पटान।
११) केदवाई सामुदायिक वन भित्रको बाटोमा २ कि.मी माटो पटान।

**क्रियाकलापः**

तपाईंको गाउँ वा वडा भित्रको समग्र विकासको लागि योजनाहरु निर्माण गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस्।

**अभ्यासः**

**क) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् :**

१) आयोजना भनेको के हो ? लेख्नुहोस्।
२) आयोजना निर्माण गर्दा कुन कुन नीतिहरुलाई अवलम्बन गर्न आवश्यक हुन्छ ?
३) गुलरिया नगरपालिकाले सञ्चालन गरेका मुख्य मुख्य आयोजनाहरु के-के हुन् ? लेख्नुहोस्।
४) गुलरिया नगरपालिकाबाट भविष्यमा कस्ता किसिमका आयोजनाहरु तय गर्नुपर्ने देखिन्छ लेख्नुहोस्।

# आयोजनाहरूको बजेट र योजना अवधि

स्थानीय स्तरको चौतर्फी विकासको लागि निर्माण गरिएका विभिन्न साना र ठूला योजनाहरूलाई सु-सम्पन्न गर्नको लागि स्थानीय सरकार (नगरपालिका) वा केन्द्रीय सरकारद्वारा छुट्याइएको रकमलाई बजेट भनिन्छ। बजेट आयोजना निर्माणका आधारमा छुट्याइन्छ। आयोजना निर्माण र बजेट निर्माणका लागि विभिन्न प्राविधिक विशेषज्ञ व्यक्तिहरूको आवश्यकता पर्दछ। यदि योजना अनुसार बजेटको सन्तुलन मिल्न नसकेको खण्डमा आयोजनाहरूले पूर्णता पाउन सक्दैनन् किनकि आयोजनाहरू सबै एकै प्रकृतिका हुँदैनन्। कुनै आयोजनाहरू धेरै ठुला हुन्छन् भने कुनै आयोजनाहरू साना खालका हुन्छन्। त्यसैले ठूला आयोजनाहरूको लागि लामो समय र ठूलो लगानी लाग्ने हुन्छ। साना खालका आयोजनाहरूको लागि कम समय र कम आर्थिक लगानीको आवश्यकता पर्दछ।

विभिन्न आयोजनाहरू सम्पन्न गर्नको लागि निश्चित समयावधि तोकिएको हुन्छ, जसलाई आयोजनाको अवधि भनिन्छ। आयोजनाहरू निर्माण गर्दा योजना अवधि, आयोजनाको प्रकृतिलाई ख्याल गर्नु पर्छ। ठुलो आयोजनाहरूको लागि लामो समय जस्तै ३ वर्षे, ५ वर्षे हुन्छ, भने साना प्रकृतिको आयोजनाहरूको लागि केही महिनाको वा एक वर्ष समयावधि मात्र तोकिएको हुन्छ। यसरी निश्चित समयावधि तोकिएर आयोजनाहरू निर्माण गर्दा समयको उचित सदुपयोग हुनुका साथै पारदर्शी रूपमा आयोजनाहरू सम्पन्न गर्न सकिन्छ। आयोजनाहरूको बजेट र अवधिको बारेमा प्रस्ट पार्न थप जानकारीका लागि गुलरिया नगरपालिकाले जारी गरेको तपसिल बमोजिमको नगरस्तरीय बजेट तालिकालाई अध्ययन गरौं।

| क्र.सं. | आयोजनाको विवरण | बजेट रु. मा | समयावधि |
|---|---|---|---|
| १. | वडा नं. ६ गणेशमान चोक देखि उत्तर कृषि विकास बैंक जोड्ने सडक कालोपत्रे तथा आर.सि.सि नालीको निर्माण। | रु.४,०००,०००० (चार करोड) | ०७९/०९/११-०८०/०३/३० जम्मा १ वर्षको |
| २. | कोठिया गाउँको भित्री सडक कालोपत्रे तथा आर.सि.सि नालीको निर्माण। | रु.३,९२,००,००० (तीन करोड बयानब्बे लाख) | ०७९/०९/१२-०८०/३/३० जम्मा १ वर्षको |
| ३. | वार्ड नं.७ को वडा कार्यालय भवनको निर्माण। | रु. ५७,००,००० | ०७९/०९/०२-०८०/०३/३० |
| ४. | वडा नं. ३ को वडा कार्यालय भवन निर्माण। | रु. ८४,००,००० | १ वर्ष |
| ५. | वार्ड नं. ५ हुलाकी सडक देखि उत्तर ओमशान्ती टोल जाने सडक कालोपत्रे तथा नाली निर्माण। | रु. ३४,००,००० | १ वर्ष |
| ६. | वडा नं. १ को १० नं. गाउँ र १६ नं गाउँ भित्रका सडकहरु कालोपत्रे सडक निर्माण | रु. ८२,३५०००० | ०७९/८० |

| | | | |
|---|---|---|---|
| ७. | वडा नं. २ जयनपुर गाउँको भित्रि सडक कालोपत्रे सडक र नाली निर्माण | रु. ८२,०००० | ०७९/८० |
| ८. | वडा नं. ११ नेपाल, भारत सिमानाबाट उत्तर आउने कालोपत्रे सडक निर्माण साथै डाडा लालपुर कृष्ण यादवको घर देखि हिमालय आ.वि सडकमा नाली निर्माण | रु. ८२,०००० | ०७९/८० |
| ९. | वडा नं. १२ पण्डितपुर प्रतिक्षालय देखि हेल्थपोष्ट सम्म जाने सडक कालोपत्रे निर्माण | रु. ८२,०००० | ०७९/८० |
| १०. | विभिन्न वडामा आवश्यकताअनुसार सडक ग्राभेल, माटो पटान तथा फुटफाट निर्माण | रु. ५०,०००० | ०७९/८० |
| ११. | वडा नं.६ को वडा कार्यालय भवन निर्माण | रु. ५०,०००० | ०७९/८० |
| १२. | वडा नं. ६ को वडा कार्यालय भवन निर्माण | रु. ३५,०००० | ०७९/८० |

*स्रोत : गुलारिया नगरपालिका आर्थिक वर्ष ०७९/८० रातो किताब*

**आयोजनाहरुको बजेट र योजना अवधिको महत्त्वहरू :**

क) चौतर्फी विकास गर्न, जस्तै, भौतिक विकास, दक्ष जनशक्ति उत्पादन, शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, आदि

ख) आयोजना निर्माण कार्यहरुलाई सु-सम्पन्न गर्न,

ग) आयोजनाको निर्माण कार्यहरुलाई गुणस्तरीय बनाउन,

घ) दक्ष मानव संसाधन र आवश्यक स्रोतहरु जुटाउन,

ङ) आयोजनाको कार्यहरुलाई निर्धारित समयमा सम्पन्न गराउन,

च) आयोजनाका कार्यहरुलाई आकर्षित बनाउन,

छ) समयको उचित सदुपयोग गराउन,

**अभ्यास :**

क) बजेट भनेको के हो ? यसको महत्त्व सहित छोटकरीमा लेख्नुहोस् ।

ख) बजेटको योजना अवधि भन्नाले के बुझिन्छ ? लेख्नुहोस् ।

ग) बजेट र योजना अवधिको बिचमा फरक छुट्याउनुहोस् ।

घ) बजेट र योजना अवधिको महत्त्वबारे बुँदागत रुपमा लेख्नुहोस् ।

एकाई : दुई

# हाम्रो संस्कार, संस्कृति र परम्परा

**सिकाइ उपलब्धिहरू :**

- आफ्नो समुदायको भेषभूषा र चाडपर्वको परिचय दिन,
- नगरपालिकाभित्रका विभिन्न समुदायको रीतिरिवाज र धर्म संस्कृतिको संक्षिप्त परिचय दिन,
- नगरपालिकाभित्र रहेका धार्मिक समुदायका महत्त्वपूर्ण आस्थाका केन्द्रको पहिचान तथा परिचय दिन,
- आफ्नो समुदायमा प्रचलित लोकगीतहरुको वाद्यवादन सहित अभ्यास गर्न र
- बाल विवाहको कारण तथा नकारात्मक असरहरुबारे बताउन ।



# हाम्रा भेषभूषा र चाडवर्पहरू

हाम्रो देश नेपाल संस्कृति, भेषभूषा र चाडपर्वहरूको धनी देश हो। त्यसैले त भनिन्छ, 'नेपाल चार जात छत्तीस वर्णको फुलबारी हो।' यहाँका संस्कृति परम्परा, चालचलन, बोली भाषा नेपालमा भौगोलिक विविधता र जातजाति अनुसार फरक-फरक रहेको पाइन्छ। यसै विषयलाई जान्न उत्सुक भएर गुलरिया नगरपालिका अन्तर्गत विद्यालयका कक्षा ७ मा अध्ययनरत विद्यार्थीले सचिन भण्डारीले कक्षा कोठामा अध्ययनरत विभिन्न समुदायका साथीहरूसँग उनीहरूको भेषभूषा र चाडपर्वहरूको बारेमा गरेको कुराकानी अध्ययन गरौँ।

**सचिन** : नमस्कार, सबै मेरा प्यारा प्यारा साथीहरू आज हाम्रो स्थानीय पाठ्यक्रम गुलरिया गाथा एकाई २ को पाठ १ मा हाम्रो समुदायको भेषभूषा र मुख्य चाडपर्वहरूकोम बारे अध्ययन गर्नु पर्ने छ। यसका बारेमा मलाई त्यति जानकारी छैन त्यसैले म यसको बारेमा राम्रोसगँ जान्न चाहन्छु। कसैले मलाई बताइदिनुस् न!

**रियासा** : सचिन, तिमीलाई धेरै-धेरै धन्यबाद ! हाम्रो भेषभूषा र चाडपर्वहरूको बारेमा जान्न उत्सुक्ता दखाएकोमा मलाई धेरै खुसी लाग्यो। हाम्रो देश संस्कृति, भेषभूषा र चाडपर्वहरूको धनी देश हो। त्यसैले हाम्रो मगर समुदायमा पनि हाम्रो आफ्नै भेषभुषा र चाडपर्वहरू रहेका छन्। हाम्रो मगर समुदायमा मनाउने मुख्य चाडपर्वहरू भनेको माघे संक्रान्ति, दशैं, तिहार पर्दछन् र मुख्य भेषभूषामा पुरूषहरूमा शिरमा ढाका टोपी, स्टकोट, कम्मरमा पटुकी सहित महिलाको गुनियो र चोली रहेका छन्।

**सचिन** : धन्यबाद रियासा, तिमीलाई आफ्नो भेषभूषा र पर्वहरूको बारेमा जानकारी गराई दिएकोमा मेरो अर्को प्यारो साथी रहिम अनि तिम्रो समुदायको भेषभुषा र चार्डपर्वहरूको बारेमा पनि केहि कुराहरू भदिन्छौ कि ?

**रहिम** : धन्यबाद सचिन। तिमी हाम्रो समुदायको मुख्य भेषभूषा र चार्डपर्वहरूको बारेमा पनि जान्न चाहेकोमा म उएटा मुस्लिम समुदायको विधार्थी हुँ। हिन्दू धर्मालबम्बी पुजापाठ गर्ने ठाउँ मन्दिर भए जस्तै हाम्रो मुस्लिम समुदायको नमाज पढ्ने ठाउँ मस्जिद हुन्छ। हाम्रो समुदायमा पनि विभिन्न किसिमका आफ्नै भेषभूषा, चार्डपर्वहरू रहेको छन्। जसमध्येमा मुख्य चार्डपर्वहरू ईद, बकरईद, मोहम्मद डे, मोहरम (ताजिया), सुवरात आदि पर्दछन् भने मुख्य भेषभूषाहरूमा पुरूषको कुर्ता पैजामा र टोपी हो भने महिलाहरूको नकाब सहितको बुर्का हो।

**सचिन** : ओ हो ! नेपाल भनेको त साँच्चै नै चार जात छत्तीस वर्णको साझा फुलबारी भन्ने कुरा त साँच्चिकै रहेछ। गुलरिया नगरपालिकामा पनि विभिन्न समुदाय भित्र विभिन्न थरिका संस्कृति, भेषभूषा, भाषा, चार्डपर्वहरूको रहेका छन् नि ! अझ अर्को कुरा त सोध्न बाँकी छ, गुलरिया नगरपालिका भित्र थारू समुदायको बाहुल्यता छ जस मध्येमा हाम्रो अत्यन्तै मिल्ने साथी प्रतिभा चौधरी हामीसँगै छिन् नि ! उनबाट पनि थारू समुदायको बारेमा केही ज्ञान हाँसिल गरौं न त ! अँ साँची प्रतिभा ! अब अन्त्यमा तिम्रो समुदायको मुख्य भेषभूषा र चार्डपर्वहरूको बारेमा पनि जानकारी गराइदेउन।

**प्रतिभा** : धन्यबाद, यस कक्षामा मिलनसार र जेहेन्दार मित्र सचिन भण्डारीलाइ । अँ साच्ची म एउटा थारू समुदायको विद्यार्थी हुँ । अरू समुदायमा विभिन्न भेषभूषा, भाषा, चार्डपर्वहरू जस्तै हाम्रो समुदायको पनि छुट्टै कला, संस्कृति, भाषा, पहिरन र चार्डपर्वहरू छन् । जसमध्येमा केही चार्डपर्वहरू मिल्दाजुल्दा पनि छन् भने केहि चार्डपर्वहरू अलि थारू समुदायमा मात्र सिमित रहेका छन् । जस्तै, दशैं तिहार, माघेसंक्रन्ति, अरू समुदायमा पनि मनाउने चलन छ । अट्वारी, कृष्ण जन्माष्टमी, गुरिया जस्ता पर्वहरू प्राय थारू समुदायमा मात्र मनाइन्छ । जुन हाम्रो समुदायको मुख्य चाडपर्वहरूमा पर्ने गर्दछन् । भेषभूषाको कुरा गर्दा हाम्रो समुदायको मुख्य भेषभूषा भनेको पुरूषले लगाउने धोती, जामा, भेगुवा, लगौटी, कन्ठाला, कर्धुन आदि छन् । भने महिलाको पोसाक, लेहेङ्गा, चोली र गुन्यु छन् । तर आजभोलि यस्ता पहिरन र संस्कृतिहरू पश्चिमी संस्कृतिको देखासिकीमा लोप हुने अवस्थामा छन् । यसको संरक्षण हामी सबै मिलेर गर्न आवश्यक देखिन्छ ।

**सचिन** : ओहो ! कस्तो राम्रो कुरा ! मेरो कस्तो मन छोयो । हो, हाम्रो चाडपर्वहरू, संस्कृतिहरू, धर्महरू, भेषभूषाहरू सबैतिर विकृति विसङ्गतिहरू फैलिरहेका छन् । यस्ता कुरीतिहरूलाई हामी सबै मिलेर रोक्नु पर्दछ । धर्म, संस्कृति, भेषभूषा, चाडपर्वहरू भाषा लगायतका कुराहरू त हाम्रो प्राण समान हुन् । यस्ता कुराहरूमा विकृति ल्याउनु भनेको आफ्नै पहिचान गुमाउनु पनि हो । मैले आज निकै महत्त्वपूर्ण विषयका बारेमा जानकारी पाउँ । सबै साथीहरूलाई धेरै धेरै धन्यावाद । हामी यस्तै र अन्य महत्त्वपूर्ण विषयमा छलफल गर्दै रहौंला है त ।

**अभ्यास**

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्** :

क) हाम्रो समुदायमा प्रचलित भेषभूषा र चाडपर्वहरूबारे उदाहरण सहित परिचय दिनुहोस् ।

ख) धर्म, संस्कृति र भेषभूषाहरूको संरक्षण गर्न के-कस्ता उपायहरू अपनाउन सकिन्छ? लेख्नुहोस् ।

ग) समुदायमा रहेका भेषभूषा, संस्कृतिहरूको के महत्त्व रहेको छ ?

घ) समुदायको भेषभूषा, चाडपर्वहरू र संस्कृतिहरू दिन प्रतिदिन लोप हुनुका कारणहरू के-के हुन् ? लेख्नुहोस् ।

२. **तल दिइएका भनाइहरू ठिक भए (✓) चिन्ह र बेठिक भए (✗) चिन्ह लगाउनुहोस् ।**

क) संस्कृति र भेषभूषाहरू दिन प्रति दिन संरक्षण भइरहेका छन ।

ख) समुदायमा रहेका भेषभूषा र संस्कृतिहरूको कुनै महत्त्व छैन ।

ग) हामीले एक अर्को समुदायले मनाउने सबै चाडपर्वहरूलाई सम्मान गर्नु पर्दछ ।

घ) देश नेपाल चार वर्ण छत्तीस जातको फूलबारी हो ।

ङ) नेपालको राष्ट्रिय पहिरन दौरा सुरूवाल हो ।

**परियोजना कार्य**

तपाईँको समुदायमा रहेका मुख्य-मुख्य भेषभूषा र चाडपर्वहरूको सूची बनाइ कक्षा कोठामा टाँस्नुहोस् ।

# रीतिरिवाज र चाडपर्वहरू



नेपालमा बसोबास गर्ने विभिन्न समुदायले मान्दै आएका विभिन्न चाडपर्व, रहनसन, भेषभूषा र मूल्यमान्यता र चालचलनहरूलाई रीतिरिवाज भनिन्छ। दशैं, तिहार, माघी, ईद, बकरईद, मोहर्रम्, छठ, गाइजात्रा, गुरिया, अट्वारी, होली, ल्होसार, करूवाचौथ, वर्षाईत, सकट, हर्छठ, भौरी आदि जस्ता चाडपर्वहरू मनाउने तौर तरिकाहरू वा चालचलनहरू नै रीतिरिवाज हुन् भने धर्महरूमा हिन्दू, इस्लाम, बौद्ध, किराँत आदि रहेका छन् । यिनै धर्म अनुसारका केही चाडपर्वहरूको बारेमा यहाँ चर्चा गरिएको छ ।

**दशैं** : दशैं हिन्दू धर्मावलम्वीहरूको मुख्य चाड हो । शरद ऋतुको आश्विन महिनाको शुक्ल प्रतिपदा तिथि देखि दशमी तिथि सम्मलाई बडादशैं (विजयादशमी) भन्ने गरिन्छ । दशैंको पहिलो दिनलाई घटस्थापना भनिन्छ । यस दिन देवी दुर्गाको पूजाका लागि घडा स्थापना गर्नुका साथै अघिल्लो रात भिजाएर राखिएको जौ, गहुँ, तिल, मकै आदिलाई घरको कुनामा राखिएको माटोमा छर्ने गरिन्छ । जसलाई जमरा राख्ने भनिन्छ । सातौं दिनलाई फुलपातीको नामले सम्बोधन गरिन्छ । यस दिन विभिन्न शक्तिपीठमा फुलपाती भित्र्याउने गरिन्छ र बढाँई गरिन्छ । आठौं दिनलाई कालरात्री भनिन्छ यस दिन राती चन्द्र अस्त हुने समयमा देवीका नाममा वली दिने प्रचलन रहेको छ । यस दिनलाई महाअष्टमी पनि भन्ने गरिन्छ । नवौं दिन महानवमीमा नेपालका सबै शक्तिपीठहरूमा मांशाहारहरूले देवी दुर्गा माताको नाममा हाँस, बोका, राँगा, कुखुरा आदिको वली दिइन्छ भने शाहाकारीहरूले वली स्वरूप कुभिण्डो, नरिवल, उखु, घिरउला आदिको वली दिएर मनाईन्छ । यसरी नौं दिन सम्म विशेष रूपमा नव दुर्गाको पुजा अर्चना गरिने हुँदा यसलाई नवरात्री भन्ने चलन पनि रहेको छ । नौ दिन सम्म पुजा गरेको देवी भवानीको प्रसाद स्वरूप दशमीका दिन आफ्ना मान्यजनहरूको हातबाट निधारमा टिका र जमरा ग्रहण गरी आर्शिवाद लिने गरिन्छ ।



दशैंमा लिङ्गे पिङ, रोटे पिङ खेल्ने, नयाँ कपडा लगाउने, आफन्त सगँ भेटघाट गर्ने, मिठो मसिनो हाँसी खुसी खाने कार्यले साँच्चै नै दशैंमा सबैका घरमा खुसी छाउनुका साथै सम्पूर्ण नेपालीमा एकताको सन्देश दिएको हुन्छ।

**तिहार** : तिहार दशैं पछिको नेपालीहरूको महत्त्वपूर्ण चाड हो । यो चाड प्रत्येक वर्ष कार्तिक कृष्ण त्रयोदशीदेखी शुक्ल द्धितीया तिथि सम्म धुमधामले मनाईन्छ । ५ वटा तिथिमा विशेष रूपले अलग अलग प्राणीहरूको पूजा गरिने भएकोले यसलाई यमपञ्चक पनि भन्ने गरिन्छ। वहिनी यमुना र दाजु यमराजको ऐतिहासिक कथामा आधारित यो चाडलाई दिपावाली नामले सम्बोधन गरिन्छ । पहिलो दिनलाई कागतिहर भनिन्छ। पाँच दिन क्रमश : काग, कुकुर, गाईगोरू र दाजुभाइको पूजा गरिन्छ। यस पर्वले मानिस, जीवजनावर र प्रकृति बिच अन्योन्याश्रित सम्बन्धको प्रतिनिधित्व गर्दछ।



तिहारमा दाजुभाइ, दिदीबहिनी, बुढापाकाहरू मिलेर एकजना भट्याउने अरूले उसको स्वरमा स्वर मिलाएर मादलको तालमा देउसी भैलो खेलिन्छ भने लक्ष्मी पूजा अर्थात औशीका दिनदेखि देउसिरे खेलिन्छ। भैली महिलाहरूले र देउसी पुरूषहरूले खेल्ने प्रचलन रहेतापनि आजभोलि महिला पुरूष मिलेर देउसी भैलो खेल्ने प्रचलन छ। पहिले पहिले भट्टयाएर सबैले स्वरमा स्वर मिलाएर देउसी भैलो खेल्ने प्रचलन रहेकोमा आजभोलि रेकर्डेट गीत तथा बाजाहरू बजाएर देउसी भैलो खेलिन्छ। आफ्नो मौलिक संस्कृति र प्रचलनलाई बिर्सनु राम्रो होइन । तिहारमा सबैका घर कोठा चोटामा झिलिमिली बत्तीहरू बालिन्छन् । सेल, अर्सा, अनरसा, फिनी, झिलिङ्गी रोटी पकाईन्छ। तिहारको अन्तिम दिन दिदी बहिनीहरूलाई सप्तरङ्गी टीका लगाइ दिने र नयाँ वस्त्र तथा उपहारहरू दिने अनि मिठा-मिठा फलफूल, पकवानहरू खाने गरिन्छ। दाजुभाइले पनि आफ्ना दिदी बहिनीहरूलाई यथाशक्य उपहार सहित दक्षिणा दिने गर्दछन्।

यसरी तिहार उज्यालो, हर्ष, उमङ्ग, उत्साह र भाइचाराको पर्व हो । यो पर्वले पनि समस्त नेपाली तथा घरपरिवारका सदस्यहरूलाई एकताको सूत्रमा बाँधेको छ।

**माघी / माघे संक्रान्ति :**

थारू जातिको पहिचान बोकेको माघी पर्वलाई स्थान विशेष अनसार माघ, माघी, माघेसंक्रन्ति, माघी देवानी, भन्ने गरिन्छ । माघी पर्व थारूसमुदायको सबैभन्दा ठूलो पर्व रहेकोले यसलाई परापूर्वकालदेखिनै धुमधामका साथ मनाउँदै आइरहेको पाइन्छ। आ-आफ्नो ठाउँअनुसार यसलाई, नयाँ



वर्षको, उन्मुक्ति दिवसको रूपमा, सद्भाव र मेलमिलापको रूपमा तथा आफ्ना दिदीबहिनीहरूलाई कोशेली प्रदान गर्ने, धुमरू गीत गाउने दफ मादल बजाउने र मघौटा गीत गाउँदै विभिन्न नाचहरू नाच्ने गरिन्छ। विभिन्न खानाका परिकारहरू पकाउनका लागि काठ, दाउरा, अनदीको



चामल, जाँड, रक्सी, वनबाट मालु र सालको पात टिपेर ल्याइ दुना, टपरी गाँस्ने अनिवार्य बनाइने खानेकुरा ढिकरी बनाउनका लागी भएसम्म मसिनो चामलको पिठो पिस्ने गरिन्छ। त्यसैगरी पुस मसान्तमा गत सालको सबै कारोबारको अन्त्य र माघ १ गतेदेखि नयाँ कारोबारको थालनी गर्ने चलन रहेको छ। माघीको पहिलो हप्ता भित्र घरका सबैजना बसेर घर व्यवहार बारे छलफल गरिन्छ। जस्तै : खेत जोत्ने वा छाड्ने, विवाह गर्ने कि नगर्ने, साहु महाजनसँग व्यवहार गर्ने, आगामी वर्षको लागी योजना बनाउने गरिन्छ। गाउँभरिका व्यक्तिहरू भेला भई गाउँको नेतृत्वकर्ता बडघर (भलमन्सा, महँताँवा) पनि चयन गरिन्छ।

**करूवा चौथ :**

कार्तिक महिनाको कृष्ण पक्षमा चन्द्र उदयका समयमा जुन दिन चौथी तिथी पर्छ त्यस दिन ब्रहमूहर्तबाट यो व्रत प्रारम्भ हुन्छ । बेलुका चन्द्रमाको दर्शन र पुजा गरे-पछि व्रत समापन हुन्छ। करूवाचौथ व्रत विवाहित महिलाहरू उपवास बसेर राती चन्दकमालाई अर्घ दिएपछि भोजन गर्ने प्रचलन छ। यस बाहेक करूवा चौथको व्रत बस्दा धेरैजसो



महिलाहरू निराहार रहेर चन्द्र उदयको प्रतिक्षा गर्छन् र चन्द्रमा दर्शनपछि मात्र ब्रतको समापन गर्छन्। यो ब्रत १२ वा १६ वर्ष्सम्म गरेपछि उद्यापन गर्ने नियम छ।

**भौंरी पर्व :**

असार शुक्ल पूर्णिमा अर्थात गुरूपुर्णिमाका दिन मधेसी समुदायका व्यक्तिले भौंरी पर्व मनाउने गर्छन्। यो पर्वका दिन विहान घरमा लिपपोत गरी भौंरी पकाउन गहुँको पिठो मुछी गोलो आकारको परिकार बनाई आँकको पातमा बेरी गाईगोरूको गोबरबाट बनेको कण्डा अर्थात् गुँइठालाई गाईबस्तु पाल्ने गोठमा आगो बाली पिठोको गोलो बनाइएको परिकारलाई पकाउने गरिन्छ जसलाई भौंरी पर्व भनिन्छ। हाम्रो गुलरिया

नगरपालिकामा अवधि भााषा बोल्ने हिन्दू समुदायका अधिकांश व्यक्तिले यो पर्व मनाउने गर्छन् ।

**सातु पर्व** (**सतुवा**) : बैशाख शुक्ल तृतीयको अवसरमा जौको सातु र सर्वत खाई वा वितरण गरी यो पर्व मनाइन्छ । धार्मिक ग्रन्थअनुसार त्रेतायुगको शुरूवात यसै तिथिबाट भएको मान्याता छ । यस पर्वलाई अक्षय तृतीया पनि भनिन्छ ।

**अट्वारी** : अट्वारी पर्व कृष्णजन्मष्टमी पछिको भाद्र शुक्ल पक्षको पहिलो आइतवारको दिन मनाउने गरिन्छ। अट्वारी पर्वको अघिल्लो दिन भाले नबास्दै दर खाइसक्नु पर्छ। यो पाँच भाइ पाण्डवका माइलो भाई भिमले थारू राजा दंगीरशरणको राज्यलाई दुश्मनबाट बचाएकोले उनको सम्मान तथा खुसीयाली पर्वको रूपमा मनाइन्छ । अट्वारी पर्वमा एउटा रोटी एकपट्टिबाट मात्र पकाइन्छ। अन्य रोटीहरू पनि पकाइन्छ। यस पर्वमा सबभन्दा पहिला पूजा गर्दा भेवा (भीम भगवान) को पुजा हुन्छ । त्यसपछि खानुभन्दा पहिला एक टपरी छुट्टै राखी त्यसमा फलफूल दही राखिन्छ । अट्वारीको भोलिपल्ट व्रतालुहरू नुहाई धुवाई गरी भात, तरकारी पकाउछन् । खाना खानुभन्दा पहिले टपरीमा भात तरकारी आफ्ना चेलीबेटीहरूको नाममा छुट्याउने काम गरिन्छ। त्यहि टपरीमा छुट्याएको खानेकुरालाई अग्रगास भनिन्छ ।





**ईद** : इस्लाम धर्मावलम्बिहरूले मनाउने चाडपर्वहरू मध्येको मुख्य चाड ईद (ईदल फित्र) हो। इस्लाम धर्मावलम्बीहरू ३० दिन सम्म रमजानको महिनामा निराहार (पानी पनि नखाई) रोजा (ब्रत) बस्ने गर्दछन् । ३० दिनको रोजा (ब्रत) सकिएको भोलि पल्ट हर्सोउल्लासका साथ ईद पर्व मनाउँछन् । यसमा एकले अर्कालाई अंगालो हालेर ईदको शुभकामना आदन प्रदान गर्दछन् ।



**अभ्यास**

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

क) समुदायको रीतिरीवाज र धर्म भन्नाले के बुझिन्छ ? लेख्नुहोस् ।

ख) हाम्रो समुदायमा रहेका धर्म र रीतिरीवाजहरू के के रहेका छन् ? सुची बनाई लेख्नुहोस् ।

ग) दशैं तिहारमा प्राय गरेर कुन देवताको पूजा गरिन्छ ?

घ) 'दशैं' शिर्षकमा निबन्ध लेख्नुहोस् ।

ङ) तिहारको महत्त्वहरू लेख्नुहोस् ।

२. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| माघी पर्व | बुद्धजयन्ती |
| क्रिसमस डे | इस्लाम |
| करूवा चौठ | थारू समुदायको नयाँ वर्ष |
| अतवारी | इसाई |
| बौद्ध | हिन्दू |

**परियोजना कार्य :**

आ-आफ्नो समुदायमा रहेका जातजाति तथा धर्महरूको सूची बनाई तिनीहरूले मनाउने चाडपर्व तथा रीतिरीवाजको बारेमा लेखी कक्षा कोठामा प्रस्तुत गर्नुहोस् ।

# धार्मिक समुदायका आस्थाका केन्द्रहरू

कुनै पनि समुदायहरुमा बिभिन्न धर्मका आस्थाहरुको उद्देश्यहरु प्राप्तिका लागि निर्माण गरिएका विभिन्न पवित्र स्थलहरुलाई धार्मिक स्थल वा आस्थाका केन्द्रहरु भनिन्छ । गुलरिया नगरपालिकाको बिभिन्न समुदायहरुमा रहेका मठमन्दिर, मस्जिद गुम्बा, मण्डलीहरु आस्थाका केन्द्रहरु हुन् । जसमध्येमा बगलामुखी मन्दिर, कोटही मन्दिर, राधाकृष्ण मन्दिर, गायत्री शक्तिपीठ, पर्वतिया मन्दिर, खण्डा बाबा मन्दिर, जामा मस्जिदहरु, इदगाह, चर्चहरु यहाँका मुख्य धार्मिक आस्थाका केन्द्रका रुपमा रहेका छन् । यी आस्थाका केन्द्रहरुमा यहाँका स्थानीय समुदायका मानिसहरु लगायत अन्य ठाउँहरुबाट पनि धेरै मात्रामा धार्मिक मान्यता प्रति आस्था राख्ने भक्तजन, श्रद्धालुहरु लगायत विद्यार्थी, आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन हुने गर्दछ। गुलरियामा स्थानीय स्तरमा बिभिन्न गाउँ/ठाउँमा थुप्रै धार्मिक आस्थाका केन्द्र रहेका छन् जसको खोजनिती, पहिचान र विकासका लागी यस्ता धार्मिक केन्द्रहरुको बिभिन्न तह र तप्काबाट खोजनीति गर्न जरुरी देखिन्छ।



**कोटही देवी मन्दिर** : गुलरिया नगरपालिका वडा नं. ४ मा अबस्थित कोटही देवीको मन्दिर हाम्रो आस्थाको केन्द्र हो । यहाँ पहिला पिपलको ठुटाको फेदमा शिलापत्र मात्र थियो । भक्तजनहरु त्यही शिलापत्रलाई कोटही देवी मानी पूजा अर्चना गर्दथे। वि.सं. २०४४ सालमा काठमाण्डौमा कोटही देवीको मूर्ति बनाई यहाँ धार्मिक विधि अनुसार स्थापना गरिएको थियो । कोटही देवीको मूर्ति निकै आकर्षक र

कलात्मक छ। मन्दिर परिसर निकै फराकिलो रहेकोले यस क्षेत्रमा विवाह मण्डप, पूजारी बस्ने घर लगायत बिभिन्न भगवानका अन्य साना मन्दिरहरु पनि रहेका छन् । कोटही मन्दिरमा हिन्दूहरुको पर्व विजया दशमीको नवरात्रीमा विशेष पूजा अर्चनाका लागि भक्तजनहरुको घुँईचो लाग्ने गर्दछ साथै चैते दशैंको अष्टमी र नवमीममा पनि विशेष पूजा हुने गर्दछ। यस बेला मधेसी समुदायका भक्तजनहरुको नरिवलको जटा लिएर देवीलाई चढाउने गर्दछ् । उक्त दिन पनि यहाँ भक्तजनहरुको निकै भिड लाग्ने गर्दछ । यस मन्दिरमा पशुवली दिने प्रथा हटाइएको छ।

**बगलामुखी मन्दिर** : यो मन्दिर गुलरिया नगरपालिका वडा नं. ७ बागेश्वरी टोलमा अबस्थित छ। यस मन्दिरमा भक्तजनहरु आई पूजाअर्चना गर्छन् । सन्ध्याकालीन समयमा दीप प्रज्वलन सहित नियमित पूजा आरधाना हुँदै आएको छ। दुर्गामाताको मुर्ति स्थापित  गरिएकोले बगलामुखी देवीकै पूजाआराधना गर्ने गरिन्छ। मन्दिरमा प्रत्येक बर्ष घटस्थापना देखि नवमी सम्म भक्तजनहरुको आवतजावत हुन्छ। विशेषतः यस मन्दिरमा विवाह, मुण्डन संस्कार पनि गरिन्छ। गुलरिया नगरपालिकाको महत्त्वपूर्ण धार्मिक स्थलको रुपमा यो मन्दिर रहेको छ।



**श्री लक्ष्मीनारायण मन्दिर तोताद्री मठ** : यो मन्दिर गुलरिया नगरपालिका वडा नं. ४ मा बबई बहुमुखी क्याम्पस भन्दा पश्चिम र सरयू नदीभन्दा पूर्वतर्फ रहेको छ। श्री लक्ष्मीनारायण मन्दिर तोताद्रिमठको स्थापना वि. सं. २०३६ सालमा भएको हो। वैदिक सनातन हिन्दू पद्धतीबाट लक्ष्मी नारायण मुर्तिमा प्राण प्रतिष्ठा गरिएको यस मठमा श्री बैष्णवीय परम्पराका आधारमा भगवान लक्ष्मी नारायणको पुजा गरिन्छ। मठमा कृष्ण जन्माष्टमी, रामनवमी, वामन द्वादशी, नृसिंह जयन्ती, गोदा उत्सव (पौष महिना भर) र प्रत्येक एकादशी गुरु पूर्णिमामा विशेष रुपमा पुजा अर्चना र कथा प्रवचन हुन्छ। यस मन्दिरमा गुरु परम्परालाई बिशेष महत्त्व दिइन्छ।

**पर्वतीया मन्दिर** : यो मन्दिर गुलरिया नगरपालिकावडा नं. १ मा अवस्थित रहेको छ। यस मन्दिरमा माता पार्वतीको पूजा अर्चना गरिन्छ। यस मन्दिर क्षेत्रमा अन्य मन्दिर पनि अवस्थित रहेको छन्। यहाँ नवरात्रमा बिशेष पूजा अर्चना गरिन्छ।



**जामा मस्जिद** : गुलरिया बजारमा रहेको जामा मस्जिद वडा नं. ७ मा पर्छ भने ईदगाह वडा नं. ५ मा अवस्थित रहेको छ। जामा मस्जिदमा प्रत्येक शुक्रबारका दिन जुमाको नमाज पढ्छन् भने ईदगाहमा ईद र बकरईदको नमाज पढ्छन्।

**अभ्यास**

**क) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् :**

१) गुलरिया नगरपालिका भित्र पर्ने मुख्य धार्मिक आस्थाका केन्द्रहरुको नाम लेख्नुहोस्।

२) बगलामुखी मन्दिरको छोटो परिचय दिनुहोस्।

३) गुलरिया नगरपालिका भित्र रहेको धार्मिक स्थलहरुको संरक्षण र विकासका लागि के-कस्ता कार्यहरू गर्नुपर्दछ ? लेख्नुहोस्।

४) कोटही मन्दिरको बारेमा छोटकरीमा लेख्नुहोस्।

५) लक्ष्मीनारायण मन्दिरमा विशेष पूजा अर्चना कहिले गरिन्छ ?

**ख) तलका खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस्।**

१. कोटही मन्दिर ................ वडा भित्र पर्ने धार्मिक संरचना हो।

२. पर्वतीया मन्दिर ................ नगरपालिकामा पर्दछ।

३. इस्लाम धर्मावलम्वीहरू ................ मा प्रार्थना गर्न जान्छन्।

४. .................... हरु क्रिस्मस धुमधामसँग मनाउँछन्।

**परियोजना कार्य :**

आफू बसोबास गर्ने क्षेत्र भित्र रहेका धार्मिक आस्थाका केन्द्रहरुको अवलोकन गरेर प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस्।

# लोकगीत र लोकबाजाहरू

लोकगीत अथवा लोक सङ्गीत लोक संस्कृतिकै प्रमुख अङ्ग हो । यसलाई नेपाली प्राकृतिक कविता पनि भन्ने गरिन्छ। यसले आफ्नो रूप र विधा आफैले जन्माउँछ। यो सरल, सुबोध र लोकप्रिय हुन्छ। त्यसैले लोकगीत भनेको मनबाट जन्मिने कुरा हो। लोक सङ्गीत अथवा लोकगीत जनसमुदायको गीत हो । गाउनु, बजाउनु र नाच्नुको सयोजन नै सङ्गीत हो । यो एकपछि अर्कोमा मौखिक रूपमा हस्तान्तरण हुने गर्दछ। यो समाजको गीत हो। यो समाजले गाएको हुन्छ, समाजले बचाएको हुन्छ। समाजले नै एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै जान्छ। लोकगीतलाई मिठास दिनका लागि सङ्गीतको रूपमा प्रयोग गरिने विभिन्न बाद्य सामग्रीलाई बाजा भनिन्छ। जस्तै : मादल, डम्फु, खैजडी, सारङ्गी, हार्मोनियम, ढोल, बाँसुरी, नगारा, मंजिरा, तासा, घंघुरू, झ्याँझ आदि। यी बाजा सामग्रीलाई लोकबाजा पनि भनिन्छ। आजको नयाँ पुस्ताले यी स्थानीय लोकगीत र स्थानीय लोकबाजालाई दिन प्रतिदिन विर्सिदै गएको छ। पश्चिमी संस्कृति र सभ्यताको बढी प्रभाव परेको कारण विकास विसङ्गति बद्दै गएको छ। त्यसैले आफ्नो लोकगीत र लोक बाजाहरूको संरक्षणका लागि आजको पुस्तालाई स्थानीय कला, लोक गीत र लोकबाजाको वारेमा प्रशिक्षणका माध्यम बाट आकर्षित गर्न स्थानीय सरोकार पक्षबाट विशेष ध्यान पुऱ्याउन अत्यावश्यक छ।

**विभिन्न स्थानीय लोकबाजाहरू :**



१. **हार्मोनियम** : हार्मोनियम एउटा सङ्गीत वाद्य यन्त्र हो । यसको प्रयोग प्राचीन कालदेखि नै हुँदै आइरहेको छ। यस बाजामा हावाको प्रवाह गरी विभिन्न किसिमका सुर र ध्वनि निकाल्न सकिन्छ। यसले एक हातले हावाको वहाव गराइन्छ भने अर्को हातले रिड (बटन) थिची ध्वनि निकालिन्छ । यसको प्रयोग भजन कीर्तन, गजल, नृत्य, कवाली, रामलिलामा व्यापक प्रयोग भएको पाइन्छ।



२. **ढोल** : ढोल लोक सङ्गीत वा भक्ति सङ्गीतलाई ताल दिनका लागि प्रयोग गरिने वाद्ययन्त्र हो। यसलाई हात वा छडीले बजाईन्छ। यस बाजालाई मधेसी समुदायमा भजन क्रीर्तन, विवाह गीत , बधाई गीत तथा कवाली गाउँदा प्रयोग गरिन्छ।



३. **मादल** (**मन्दरा**) : मादल नेपालकै प्रसिद्ध लोक बाजा हो। नेपाली समाजको सबै साँस्कृतिक कार्यहरूमा यसको प्रयोग हुन्छ। सबै भन्दा पहिला मादल बजाउने मगर समुदाय हो। भने यसलाई काठ, छाला, छालाको डोरी र दुबै पट्टिको भागमा खरी लगाएर (पिना) बनाएको हुन्छ।

४. **बाँसुरी** : बाँसुरी एउटा वायु वाद्ययन्त्र हो । यस बाजालाई प्राय जसो लोक सङ्गीत तथा नृत्यमा प्रयोग गरिन्छ । गाउँघरमा गोठाला जाँदा, खेतपात जाँदा यसबाट विभिन्न किसिमका धूनहरू निकाली मनोरञ्जनको साधनको रूपमा प्रयोग गरिन्छ । यसलाई एउटा लामो र वेलनाकार बाँस र काठको नलीमा सात ओटा प्वाल पारेर बनाइन्छ ।



५. **मंजिरा** : मंजिरा मुख्य रूपमा भजन क्रीर्तनमा प्रयोग हुने महत्त्वपूर्ण लोक बाजा हो । यसमा दुईओटा मिश्रित धातुले बनेको प्लेटहरूको बिचको प्वालमा डोरी लगाएर त्यस डोरीलाई दुबै हातमा समाएर ती दुइओटा प्लेटहरूलाई एक आपसमा ठोक्काई ध्वनी निकालिन्छ ।



**लोकगीतका तत्त्वहरू:**

१. **भाका** : लोकभाकाले स्थानीय ठाउँको र क्षेत्रको प्रतिबिम्बन गर्दछ । जुन ठाउँ, क्षेत्रको लोक भाका हो त्यसले त्यसै ठाउँ र क्षेत्रको पहिचान बोकेको हुन्छ । देउडा भाकाले पश्चिमको पहिचान बोकेको हुन्छ । यसलाई पश्चिमी भाकाको रूपमा लिईन्छ । त्यसैले लोकगीतको परिचय नै लोकभाकाले दिइएको हुन्छ । लोकगीतका लागि अनिवार्य तत्व भाका हो । यसलाई पूर्वको रूपमा भाकाको रूपमा सहजै बुझ्न सकिन्छ ।

२. **भाषा** : भाषा भनेको विचार विनिमयको साधन हो । यसका माध्यमबाट लोक गायकले आफ्नो गीतलाई जनसमुदाय सम्म पुर्‍याउन सफल हुन्छ । लोकगीतको भाषामा स्थानीयता पाइन्छ । यसमा ठेट र झर्रा शब्दहरू प्रयोग भएका हुन्छन् । लोकगीतमा स्थनीय चलनचल्तीका शब्द प्रयोग गरिएको हुन्छ । लोकगीतको भाषा आफ्नै प्रकारको हुन्छ । त्यसैले लोकगीतको महत्त्वपूर्ण तत्व मध्ये भाषा एक हो ।

३. **कथ्य** : लोकगीतको गायकले आफ्नो गीतमा कुनै भाव वा विचार व्यक्त गरेको हुन्छ त्यसलाई कथ्य भनिन्छ । हरेक लोकगीतमा कुनै न कुनै कथ्य वा समष्टि भाव व्यक्त भएको हुन्छ । यसलाई विषय वस्तुको रूपमा लिन सकिन्छ । लोकगीतमा भाव र कथ्यको माध्यमबाट सन्देश वा जीवन दर्शन समेत उपलब्ध हुन्छ ।

४. **लय** : समयको समान चाललाई लय भनिन्छ । लोकगीतमा समयको चाल हुन्छ । कति बेला यो उच्च हुन्छ भने कुनै बेला मध्यम र सुस्त हुन्छ । यही गीतमा आउने गतिलाई चाल भनिन्छ । द्रुत लय, मध्यलय र विलम्बित लय गरी लय लाई तीन भागमा वाडिएको छ ।

**अभ्यास**

**१ तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

क) लोकगीत भनेको के हो ? कुनै एउटा लोकगीत लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

ख) लोकबाजा भनेको के हो ? हाम्रो स्थानीय स्तरमा पाइने लोक बाजाहरूको सुची बनाउनहोस् ।

ग) लोकगीतका तत्त्वहरू के-के हुन् ? छोटकरीमा लेख्नुहोस् ।

घ) लोकगीत र लोक बाजाहरूलाई संरक्षण गर्न के-के कार्यहरू गर्न सकिन्छ ?

ङ) मादलको बनोट बारेमा छोटकरीमा लेख्नुहोस् ।

२) **तलका खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :**

क) लोकगीत ......................... हो ।

ख) लोकगीतलाई मिठास बनाउनको लागी सङ्गीतको रूपमा प्रयोग गरिने विभिन्न........... सामाग्रीलाई बाजा भनिन्छ ।

ग) मादल नेपालकै प्रसिद्ध ............ बाजा हो ।

घ) भाका लोक गीतको प्रमुख ................ हो ।

ङ) बाँसुरी ...................... हो ।

**परियोजना कार्य :**

आफ्नो गाउँ समाजमा बजाइने लोकबाजाहरूको नाम बुबा आमालाई सोधी लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् ।

पाठ ५

# बाल विवाह

हाम्रो समुदायमा अशिक्षा र बेरोगारीको कारणले अथवा विभिन्न तवरले धेरै मानिसहरू गरिबीका रेखामुनि रहेका छन् । जसले गर्दा थुप्रै सामाजिक विकृति विसङ्गतिले बेला-बेलामा हाम्रो समाज आक्रान्त बनेको छ । जसमध्ये देखापरेको एउटा ठूलो विकृति बाल विवाह हो । बाल विवाह भनेको सानै उमेर वा २० वर्ष नपुग्दै गरिने विवाह हो । नेपालको कानुन अनुसार केटा वा केटीको उमेर २० वर्ष नपुगी गरिएका सबै खाले विवाह बाल विवाह हो । चेतना स्तर अशिक्षा र गरीबीका कारणले बाल विवाह हुने गर्छ । शिक्षामा पहुँच नभएका व्यक्तिहरूलाई बाल विवाह भनेको के हो ? यसबाट हुने असर र बेफाइदाहरू के-के छन् ? बाल विवाहलाई कानुनले कस्तो अपराध मानेको छ र जस्ता कुरामा अनुभित कानुनी कारवाहीका बारेमा केही कुराको बारेमा पनि चेतना र जानकारी हुँदैन । उनीहरूको गास वास र शिक्षाको उचित पहुँच नभएमा यस किसिमका समस्याहरू आउने गर्दछन् । बाल विवाहको कारणले आजभोलि हाम्रो समाजमा दिन प्रतिदिन महिला हिंसाका समस्याहरू पनि आइरहेका छन् ।



**बाल विवाह हुने कारणहरू**

क) सरल मानसिकताको समाज ।
ख) मानव शरीरको संरचना र कार्यक्षमताको ज्ञानको अभाव ।
ग) रजस्वला भन्दा पहिले छोरीको कन्यादान गर्नुपर्छ भन्ने धार्मिक मान्यता ।
घ) बाल्यकालमा विवाह गरिदिएपछि अभिभावकको दायित्त्वबाट चाँडै उन्मुक्ति पाउन ।
ङ) सामाजिक सञ्जालको प्रभाव ।
च) आर्थिक, धार्मिक, सामाजिक लगायतका कारणहरू ।

**बाल विवाहले पार्ने प्रभावहरू**

**क) शिक्षामा असर तथा रोकावट** : बाल विवाहले प्रत्यक्ष रूपमा बलिकाको बालापन समाप्त हुने, विद्यालय जान रोक लगाउने, आर्थिक अवसरहरूमा कमी, घरेलु हिंसा, दुर्व्यवहारको उच्च जोखिम,

आर्थिक निर्भरता, निर्णय गर्ने शक्तिमा कमीका साथै असमानता बढाउन मद्दत गर्छ।

ख) **मानसिक र शारीरिक विकासमा कमी** : बाल विवाहले विशेष गरी बालकभन्दा बालिकामा धेरै शारीरिक असर पार्दछ र बालिका शारीरिक, मानसिक र घरेलु हिंसामा पर्न सक्ने जोखिम बढाउँछ।

ग) **शारीरिक रूपमा परिपक्व नभई गर्भवती हुने** : किशोर आमाबाट जन्मिएका बच्चाहरू अस्वस्थ्य हुनुको साथै मृत्यु हुने सम्भावना अधिक हुन्छ। उमेर नपुगी जन्मिएका सन्तानको शारीरिक र मानसिक विकास नहुनाले दोस्रो पुस्तामा समेत प्रभाव पर्दछ।

घ) **विभिन्न स्वास्थ्य समस्या र यौन रोग लाग्ने सम्भावना** : कम उमेरमा विवाह भएका बालिकाहरू सुरक्षित यौन अभ्यासबारे छलफल गर्न असमर्थ हुन्छन्। यसले उनीहरूमा ईच्छा विपरीत गर्भधारण हुने, एच आइ भी तथा अन्य यौन सङ्क्रमण हुने प्रवल सम्भावना हुन्छ। १५ वर्षको उमेर भित्र विवाह हुनेलाई २० वर्षको उमेरमा विवाह हुने महिलाको गर्भावस्था भन्दा ५ गुणा बढी शारीरिक जोखिम हुने गर्दछ। जसको फिस्टुला र पाठेघर खस्ने जस्ता गम्भिर समस्या आउन सक्छ।

ङ) **बाल विवाह सम्बन्धी कानुनी व्यवस्था** : नेपालको कानुनको विवाहका लागि केटा र केटीको न्युनतम उमेर २० वर्ष कायम गरेको छ। यसभन्दा कम उमेरमा गरिएको विवाहले कानुनी मान्यता नपाउने व्यवस्था कानुनमा छ। त्यसैले बीस वर्ष नपुगी हुने विवाह विरूद्धको मुद्दा सरकारवादी भई चल्ने व्यवस्था छ।

**बाल विवाह रोकथाम तथा नियन्त्रणका उपायहरू :-**

१) बाल विवाह हुन लागेको थाहा पाएमा सम्बन्धित निकायमा गोप्य जानकारी दिने।
२) कानुनी मान्यतालाई कडाईका साथ लागु गर्ने।
३) समुदायमा बाल विवाह सम्बन्धी जनचेतनामूलक सडक नाटक प्रदर्शन गर्ने।
४) धार्मिक, सांस्कृतिक वा मनोरञ्जनात्मक कार्यक्रममा अश्लिल गीत वा नृत्य प्रदर्शनमा रोक लगाउने।
५) पाठ्यक्रममा बाल विवाह सम्बन्धी विषयवस्तुहरू समावेश गर्ने।
६) समुदायमा ठाउँ ठाउँमा बाल विवाह रोकथाम सम्बन्धी लेख तथा पोष्टरहरू राख्ने।
७) धार्मिक गुरूहरूबाट प्रवचन मार्फत चेतनामुलक कार्यक्रमहरू गर्ने।
८) विवाह गर्नु भन्दा पहिले जिल्ला प्रशासनमा केटा र केटीको उमेर प्रमाणित गराउने।

**अभ्यास :**

**१ तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

क) बाल विवाह भनेको के हो ? समाजमा बाल विवाह हुने कारणहरू लेख्नुहोस्।
ख) बाल विवाह गर्नाले पर्ने प्रभावहरू बुँदागत रूपमा लेख्नुहोस्।
ग) बाल विवाह रोकथामका उपायहरू लेख्नुहोस्।
घ) बाल विवाह रोकथामको लागी हामीले के-कस्तो प्रयासहरू गर्न सक्छौं ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस्।

२. **तलका खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् ।**

क) सानै उमेर वा २० वर्ष नपुग्दै गरीने विवाहलाई .......................... भनिन्छ।

ख) नेपालको कानुनले विवाहका लागि केटा र केटीको न्युनतम उमेर ....................वर्ष कायम गरेको छ।

ग) बालविवाहले ............... लाई वृद्धि गर्दछ।

घ) शिक्षाको कमीले मानिसहरू हाम्रो समाजमा .................गर्दछन् ।

ङ) उमेर नपुगी जन्मिएका सन्तानहरूको ...................र................... विकास राम्रो हुन सक्दैन ।

**परियोजना कार्य** : १

समुदायमा हुने बालविवाह रोकथाम गर्न के-कस्ता कार्यक्रम सञ्चालन गर्नुपर्छ ? आफ्नो समुदायका मानिसहरूसँगको कुराकानीका आधारमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**परियोजना कार्य** : २

बाल विवाह सम्बन्धी जनचेतनामूलक नाटक तयार गरी विद्यालयको कुनै समारोह वा कार्यक्रम पारेर प्रस्तुत गर्नुहोस् ।

## एकाई : तीन

# स्थानीय पेसा, व्यवसाय र प्रविधि

**सिकाइ उपलब्धिहरू :**

- स्थानीय परम्परागत सामग्रीहरुको उत्पादनका लागि घरेलु आरन (भट्टी) उद्योगको महत्त्वबारे जान्न,
- भट्टाबाट ईट्टाको उत्पादन विधिबारे र यसका चुनौति तथा आधुनिक प्रविधिबारे जान्न ।
- कृषि उपज प्रशोधनका विभिन्न विधिहरुका बारेमा भन्न ।

# घरेलु आरन उद्योग




परम्परागत रूपमा चलि आएका स्थानीय रूपमा प्रयोगमा आउने फरूवा, बन्चरो, खुर्पा, खन्ती, कुटो, हँसिया, चिम्टा आदि निर्माण गरिने साना खालको उद्योगलाई आरन (भट्टी) उद्योग भनिन्छ। आरन भनेको धातुजन्य वस्तुको उद्योग हो। आरनमा कच्चा पदार्थ गालेर वा पगालेर निश्चित स्वरूपको भाँडा या हात हतियार बनाइन्छन्। मानव सभ्यतामा खेतीपाती सुरू हुनुभन्दा अगाडि नै हतियारको आविष्कार भईसकेको थियो। कृषिसँगै औजारहरूको विकास भएको कुरालाई स्वीकार्ने हो भने हाम्रो समाजको सबैभन्दा पुरानो उद्योग आरन नै हुनुपर्छ। पछिल्लो समयमा आधुनिक ग्रील उद्योगहरूको स्थापना र व्यापक प्रयोग हुँदै आएको अवस्थामा अझैपनि ग्रामीण क्षेत्रमा आरन (भट्टी) उद्योगको व्यापक प्रयोग भइरहेको पाइन्छ। अहिलेको समय र परिवेशमा सहर बजार भन्दा टाढा रहेको ग्रामीण ठाउँ र आधुनिक मेसिनरी सामानहरूको पहुँच कम भएका ठाउँमा यस किसिमका उद्योगहरूको उपयोग भइरहेको छ। यस किसिमका उद्योगहरूबाट आफूसँग भएको उचित सिप र सानो लगानीमा सञ्चालन गरी राम्रो जीविकोपार्जन गर्न सकिन्छ। हामीले प्रयोग गर्ने फरूवा, बन्चरो, खुर्पा/हँसिया/बाँका, खन्ती आदि सबैको आ-आफ्नो महत्त्व र कार्य रहेको छ। फरूवाबाट हामीले आफ्नो खेतबारीलाई सजिलै खन्न सक्छौ भने बन्चरोले दाउराहरू चिर्न लगायत अन्य कामहरूमा पनि प्रयोग गर्न सक्छौं। त्यस्तै खुर्पाहरू आफ्ना घरमा पालेका घरपालुवा जीवजन्तुहरूको लागि घाँस काट्न वा करेशाबारीको झारपातहरू सफा गर्नको लागि र खन्ती कुनै पनि किसीमका पिलर, खाँवा, थाँक्रो गाड्नको लागि खाल्डो खन्नमा प्रयोग गरिन्छ। यस किसीमका हाते औजारहरू छुट्टा छुट्टै कामहरूको प्रयोगमा आउने भएकाले र घरेलु आरन उद्योगबाट निर्माण

गरिएका सामानहरू धेरै जसो कृषि क्षेत्रमा बढी प्रयोग हुने भएकाले ग्रामीण क्षेत्रमा आरन उद्योगको बढी महत्त्व बढेको हो ।


हँसिया


हथौडा


खन्ती


फरूवा


कुटो

**आरन भट्टीको महत्त्व तथा फाइदाहरू :**

१) जीविकोपार्जन गर्ने माध्यम ।
२) व्यक्तिगत सिपको पहिचान र आर्थिक आम्दानी गर्न सकिने ।
३) विभिन्न धारिला हात हतियारहरू स्थानीय स्तरमा उत्पादन गर्न सकिने ।
४) समयको उचित सदुपयोग गर्न सकिने ।
५) कम लगानी र सानो ठाउँमा पनि सञ्चालन गर्न सकिने ।

**अभ्यासः**

(**क**) **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

१) आरन (भट्टी) उद्योग भनेको कस्तो उद्योग हो ?
२) आरन उद्योगमा कस्ता कस्ता खालका सामग्रीहरू उत्पादन गर्न सकिन्छ ?
३) आरन उद्योगको महत्त्व छोटकरीमा लेख्नुहोस् ।
४) आरन उद्योगको विकासले कस्तो खालको रोजगारीको सिर्जना गर्न सकिन्छ ? लेख्नुहोस् ।

**ख**) **खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :**

१) आरन उद्योगले हाम्रो दैनिक जीवन चलाउन ...................बनाउँछ ।
२) आरन भनेको................ वस्तुको उद्योग हो ।
३) आरनमा कच्चा पदार्थ पगालेर निश्चित स्वरूपको.................या ....................बनाइन्छन् ।
४) खन्ती कुनै पनि किसिमका पिलर, खाँवा, थाक्रो, किला गाड्नको लागि ...................खन्नमा प्रयोग गरिन्छ ।

**परियोजना कार्य :**

तपाईंको नजिकको आरन उद्योगको अवलोकन गर्नुहोस् । त्यहाँको भौगोलिक अवस्था, आर्थिक अवस्था, निर्माण हुने सामानहरू, कच्चा पदार्थका स्रोतहरू र आम्दानीको बारेमा प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# हाम्रा कृषि उपजहरू

गुलरिया नगरपालिका कृषि उपजका लागि निकै प्रसिद्ध छ। यस क्षेत्रमा मौसमी तथा बेमौसमी अन्नबाली, फलफूल तथा तरकारीहरूको खेती गरिन्छ । यहाँ नगदे बालीका रूपमा खुर्सानी, ममफली, सखरखण्ड, तरबुजा, खरबुजा आदि उत्पादन गर्ने गरिएको छ । यसैगरी गुलरिया नगरपालिका बबई नदीको तटीय क्षेत्रमा पर्ने भएकोले पनि यहाँको बलौटे माटोमा विभिन्न किसिमका तरकारी तथा फलफूलहरू उत्पादन गर्ने गरिएको छ। यसैगरी गुलरिया नगरपालिकालाई उखु तथा केराको लागि पकेट क्षेत्र मान्न सकिन्छ। यहाँका अधिकांश किसानहरूले पछिल्लो समयमा व्यावसायिक रूपमा केरा खेती गर्दै आएको पाइन्छ। यसरी सिजनमा बढी उत्पादन हुने अन्नबालीहरूलाई दिगो रूपमा भण्डारण गर्न सकेमा अन्य सिजनहरूमा उपभोग गर्न तथा विक्री गरेर आय आर्जन गर्न सकिन्छ। तसर्थ हामी यस पाठमा कृषि उपजहरूको सुरक्षित भण्डारणका विधिहरूबारे अध्ययन गर्नेछौँ ।

### १. स–साना भागमा काट्ने

विशेषगरी फलफूल, तरकारी तथा मासुमा यो तरिका अपनाउन सकिन्छ । अनावश्यक भागलाई काटेर फालिदिने र चाहिने भागलाइ एकनासको आकारमा काटी राख्न सकिन्छ। यसरी काटेका टुक्राहरूलाई धेरै क्षेत्रफलमा फैल्याएर राखी केही दिनसम्म प्रयोग गर्न सकिन्छ।

### २. तातो पानीमा उपचार

यो विधि पनि तरकारी तथा फलफूलमा धेरै प्रयोग गरिन्छ। उत्पादन गरेको कृषि उपजलाई उम्लिएको पानी अथवा पानीको वाफ तरकारी तथा फलफूलमा प्रयोग गरियो भने बिगार गर्ने तत्त्वहरूलाई मार्ने काम गर्छ। साथै रङ्ग र चमकपन पनि बचाएर राख्ने गर्दछ।

### ३. सुकाउने विधि

यो विधिले अन्न, फलफूल तथा सागसब्जीहरूमा रहेको पानीको मात्रालाई घटाउने काम गर्दछ। यसो गर्दा उपजको भण्डारण धेरै लामो समयको लागि गर्न सकिन्छ भने रोग तथा किराको प्रकोप पनि ज्यादै न्यून हुन्छ । हामीले सूर्यको प्रकाश, हावा, चिसो तापक्रम प्रयोग गरेर सुकाउन सकिन्छ । खाद्य पदार्थहरूको संरक्षण गर्ने यो परम्परागत विधि पनि हो ।

### ४. पास्चराइजेशन विधि

यस विधिमा दुधलाई ८० डिग्री सेन्टिग्रेडमा तताउने गरिन्छ । यसरी तताउँदा दुधमा भएका जीवाणुहरू मर्छन् । दूधको प्रत्येक कणलाई निश्चित समयको लागि निश्चित तापक्रममा तताउँदा त्यसमा रहेका सबै हानिकारक ब्याक्टेरिया (रोगजनक जीवहरू) नष्ट हुन्छन् । यसरी तताउँदा दुधको पौष्टिकतामा कुनै पनि असर पर्दैन। पाश्चराइजेशन पछि दूधको भण्डारण गर्न सकिन्छ। यो विधि फलफूल तथा सागसब्जीहरूमा पनि प्रयोग गर्न सकिन्छ।



**५. च्याम्बरको प्रयोग गरी केराको प्रशोधन :**

काँचो केरालाई बारीबाट ल्याइसकेपछि खान योग्य बनाउन विभिन्न तरिकाले प्रशोधन गरिन्छ । जसमध्ये काँचो केरालाई खान योग्य बनाउन सबैभन्दा उपयुक्त र स्वास्थ्य वर्धक तरिका केरालाई चेम्बरमा पकाउनु हो । यस प्रविधिमा सबभन्दा पहिला केरालाई खेतबाट ल्याएर पानीले पखालेर सफा गरीन्छ र त्यसपछि हावा नछिर्ने एउटा कोठामा इथाइलिन ग्याँस भरेर नियन्त्रित तापक्रममा राखिन्छ। यसरी केरालाई पाँच, छ दिन सम्म चेम्बरमा राख्दा केरा पाकेर पहेंलो भई खान योग्य हुन जान्छ।

**अभ्यास :**

**क) तलका प्रश्नहरूको उत्तर लेख्नुहोस।**

१. कृषि उपज भनेको के हो ? लेख्नुहोस् ।
२. कृषि उपजका प्रशोधनका विधिहरू कुन-कुन हुन् लेख्नुहोस् ।
३. पास्चेराइजेसन विधि कस्तो किसिमको विधि हो ? यसको उपयोगिताहरू लेख्नुहोस् ।
४. केरा पकाउने कार्य कुन विधि अन्तर्गत पर्दछ ? लेख्नुहोस् ।
५. खाद्य पदार्थहरूको सुरक्षित भण्डारणबाट हुने कुनै चारओटा फाइदाहरू लेख्नुहोस् ।

**ख) जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| १. ग्रेडिङ्ग | केरा पकाउने ठाउँ |
| २. सुकाउने | एक अर्कालाई छुट्याउने |
| ३. पास्चेराइजेसन | तापक्रमको प्रयोग |
| ४. च्याम्बर | डिब्बामा बन्द गरेर राख्नु |

**परियोजना कार्य :**

तपाईँको घरमा उत्पादन हुने मुला, बन्दा, काउली आदिको पास्चेराइजेसन विधिको प्रयोग गरी अचार वा सिन्की बनाउनुहोस् र आफ्नो कक्षाकोठामा ल्याइ प्रदर्शन गर्नुहोस् ।

# हरियाली विद्यालय र स्वच्छ नगर

**सिकाइ उपलब्धिहरू :**

- हरियाली तथा स्वच्छ नगरको आवश्यकता तथा महत्त्व भन्न,
- वडा क्षेत्रभित्र वृक्षारोपण र सरसफाइमा सहभागी हुन,
- हरियाली विद्यालय तथा स्वच्छ नगर अभियानमा सहयोग गर्न,
- हरियाली विद्यालय र स्वच्छ नगर प्रवर्द्धनमा सहभागी हुन र
- घरयासी उपयोग भइसकेको पानीको व्यवस्थापन अन्तर्गत सोक पिट निर्माण गर्न र करेसाबारीमा उपयोग गर्न ।



पाठ १

# हरियाली तथा स्वच्छ नगर





**हरियाली वातावरण हरियाली र स्वच्छ नगर**

मानिस र वनस्पति बीच परापूर्वकालदेखि नै घनिष्ट सम्बन्ध रहँदै आएको छ । हामी सबै मिली एकले अर्काको संरक्षण गर्दै आइरहेका छौं । वातावरणलाई स्वच्छ बनाउन हरियाली अति नै आवश्यक हुन्छ । स्वच्छ तथा हरियाली वातावरणबाट हामी धेरै किसिमका फाइदा लिन सक्छौँ । हामी सम्पूर्ण सजीव प्राणीहरूलाई बाँच्नका लागि आवश्यक पर्ने अक्सिजन हरियो बोटविरूवाहरूबाट नै प्राप्त गर्छौं । हरिया बोटविरूवाले कार्वन भण्डारण गर्ने, भू-संरक्षण गर्ने, पानी पार्न मद्दत गर्ने, हावालाई स्वच्छ पार्ने आदि महत्त्वपूर्ण कार्यहरू गर्दछन् । त्यसकारण गुलरिया नगरपालिकालाई स्वच्छ सुन्दर एवं हराभरा बनाउन अनिवार्य रूपमा वृक्षारोपणको महत्त्व रहेको छ । हरियाली संरक्षणका लागि नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक वनहरूको संरक्षण एवं रेखदेख गर्न विशेष पहल गर्नु पर्ने देखिन्छ । गुलरिया नगरपालिका अन्तर्गत निर्माण भएका बाटोघाटोको वरिपरि बोटविरूवा तथा बगैंचा लगाउनु पर्दछ । हरियालीले हाम्रो मन मस्तिष्कलाई ताजा राख्दछ । यसकारण हामी सम्पूर्ण नगरबासी मिली आफ्नो नगरलाई हरियाली एवं स्वच्छ बनाउनु पर्दछ । हाम्रा वरपरका सम्पूर्ण बोटविरूवा तथा हरियालीको सबै मिलेर संरक्षण गर्नु पर्दछ । हरियाली नगर बनाउन बाटोको बिचमा डिभाइडर बनाई त्यसमा फूल तथा साना बोटविरूवाहरू पनि लगाउने कार्य गर्नु पर्दछ । आजभोलि नयाँ बनेका सडकहरूमा ग्रीनबेल्टहरू निर्माण गरिएका छन् । ग्रीनबेल्टहरूमा रोपिएका विरूवाहरूको संरक्षण गर्नु हामी सबैको दायित्त्व हो ।

वनजङ्गल तथा बोटविरूवाको संरक्षणले गर्दा नै हरियाली कायम रहन्छ । हरियाली प्रकृतिको अभिन्न अङ्ग हो । हरियालीले हाम्रा वरिपरिको वातावरणमा सुन्दरता बढाउनुका साथै स्वच्छता कायम राख्छ । साना ठुला गरी गुलरिया नगरपालिका भित्र ३५ वटा सामुदयिक वनहरू रहेका छन् । यी सामुदायिक वनहरूले हाम्रो नगरक्षेत्रलाई सुन्दर बनाउन सहयोग पुऱ्याएका छन् । यी वनमा विभिन्न किसिमका पशुपंक्षीहरूले बासस्थान बनाएका छन् । हरियाली जोगाउन हामी सबै मिली आफ्नो नगरक्षेत्रभित्र रहेका वनजङ्गललाई सुरक्षित राख्नु पर्दछ । यसबाट हाम्रो दैनिक आवश्यकता पूरा हुनुका साथ साथै



विभिन्न किसिमका जडीबुटीहरू पनि प्राप्त हुन्छन् । यस्ता जडीबुटीहरूबाट विभिन्न किसिमका औषधिहरू बनाउन सकिन्छ । वनजङ्गलकै कारण ठिक समयमा वर्षा हुन्छ यसबाट हामीलाई खेतीपाती गर्न सजिलो

हुन्छ। बोटविरूवा लगाएपछि भू-क्षय हुन पाउँदैन। हरियालीले वरिपरिको सुन्दरतालाई बढाउने कार्य गर्दछ। सबै मिली नगरलाई हरियाली, स्वच्छ र सफा बनाउने कार्यमा लाग्नु पर्दछ। वातावरणलाई सन्तुलित बनाउन हामीले बोटविरूवा अनिवार्य रोप्नु पर्दछ।

**हरियाली तथा स्वच्छ नगरको महत्त्व**

१. हरियालीले वातावरणलाई स्वच्छ एवम् हराभरा बनाउँछ।
२. हामी स्वच्छ एवं शुद्ध हावामा श्वास फेर्न पाउँछौँ।
३. हरियाली भएमा नगर अति सुन्दर एवं आकर्षक देखिन्छ।
४. हरियालीले प्रदूषित वातावरणलाई स्वच्छ बनाउँछ।
५. हरियालीबाट नै हामी अक्सिजन प्राप्त गर्छौँ।
६. नगरक्षेत्रको प्राकृतिक सुन्दरता बढाउँछ।
७. पर्यटन व्यवसायलाई बढाउन सकिन्छ।
८. भू-संरक्षण गर्नमा सहयोग पुऱ्याउँछ।
९. हरियाली तथा स्वच्छ नगरले हामीलाई विभिन्न संक्रामक रोगहरूबाट बचाउँछ।
१०. पशुहरूको लागि आवश्यक स्याउला, घाँस आदि प्राप्त गर्न सकिन्छ।

**अभ्यास:**

**क) तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१) हरियाली तथा स्वच्छ नगर भनेको के हो ?
२) हरियाली तथा स्वच्छ नगरको महत्त्वहरू लेख्नुहोस्।
३) हरियाली तथा स्वच्छ नगरबाट हुने कुनै पाँच ओटा फाइदाहरू लेख्नुहोस्।
४) तपाईँको वडामा रहेका सामुदायिक वनहरूको नाम लेख्नुहोस्।
५) हरियाली तथा स्वच्छ नगर निर्माणमा तपाईँले गर्न सक्ने कार्यहरू के-के हुन सक्छन्, लेख्नुहोस्।

**ख) तल दिइएका भनाइहरू ठिक भए (√) चिन्ह र बेठिक भए (×) चिन्ह लगाउनुहोस्।**

१) नगरलाई हरियाली बनाउनु नगरबासीको कर्तब्य होइन।
२) नगरलाई स्वच्छ तथा हरियाली बनाउन फोहरमैलाको उचित ब्यवस्थापन गर्न जरूरी छ।
३) विद्यालयको वरिपरी वोटविरूवा रोप्दा तथा फूलबारी निर्माण गरेमा वातावरण प्रदूषित हुन्छ।
४) हरियाली र स्वच्छ नगर निर्माणमा विद्यार्थीहरूको धेरै भूमिका रहन्छ।
५) स्थानीय सरकारले विभिन्न किसिमका कार्यक्रमहरू गरेर नगरबासीहरूलाई हरियाली स्वच्छ नगर निर्माणमा हौसला बढाउनु पर्छ।

**परियोजना कार्य** : १

जन्म दिनको अवसरमा घरको खाली जमिनमा विरूवा रोपी यसको वृद्धिको प्रत्येक हप्ता अवलोकन गर्दा प्राप्त गर्नुभएका जानकारीहरू बारे प्रतिवेदन तयार गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस्।

**परियोजना कार्य** : २

तपाईँको नजिकमा रहेका सामुदयिक वनको अवलोकन गरी उक्त सामुदयिक वन संरक्षण गर्न देखा परेका समस्याहरूको बारेमा स्थानीय जानकार तथा घरका सदस्यहरूलाई सोधेर प्रतिवेदन तयार गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस्।

पाठ २

# वृक्षारोपण र सरसफाइ






हरियाली एवं स्वच्छ नगर बनाउन आ-आफ्नो ठाउँबाट प्रत्येक व्यक्तिले योगदान पुऱ्याउनु पर्दछ। हाम्रा वडा क्षेत्रभित्र रहेका सम्पूर्ण समुदायिक वनको संरक्षण एवं रेखदेख गर्नु पर्दछ। काठ, दाउरा, स्याउला आदि प्राप्त गर्न वन पैदावरकै प्रयोग गरिने हुँदा वनजङ्गलमा भएका धेरै पुराना सुकेका तथा हावाले ढालेका विरूवाहरूको सदुपयोग गरी यसका ठाउँमा हामीले पुनः वृक्षारोपण गरी वनजङ्गललाई जोगाउन सकिन्छ। वृक्षारोपणले राष्ट्रिय दिगो विकासका लागि सहयोग पुऱ्याउने कार्य गर्दछ । वृक्षारोपण गर्दा हरियाली बढ्नुका साथै यसबाट वातावरणीय सन्तुलनमा टेवा पुग्दछ। प्रत्येक वडा क्षेत्रहरूका नदी कटान क्षेत्र, पर्ती जग्गा तथा सम्पूर्ण सामुदायिक वनहरूमा स्थानीय जनसहभागितामा वृक्षारोपण गर्ने कार्य गर्नुपर्दछ। यस्ता कार्यमा हामी सबै सहभागी हुनुपर्छ।

हाम्रा वरिपरिका बाँझो जग्गामा अनिवार्य वृक्षारोपण गर्नु पर्दछ । सरकारले पनि वनजङ्गल समुदायलाई हस्तान्तरण गर्ने कार्य अगाडि सारेको छ। यसरी समुदायलाई हस्तान्तरण गर्दा वनङ्गल सुरक्षित हुनुका साथै यसबाट समुदायले दिगो रूपमा लाभ लिएको छ। हामी चेतनशील भई वरिपरिका वनजङ्गल सुरक्षित गर्‍यौं भने हाम्रो वातावरण हरियाली हुन्छ। बाटोघाटो वरिपरि वृक्षारोपण कार्य गर्दा हरियाली नगर बन्छ। विद्यार्थीहरूले आ-आफ्नो घर खेतमा रहेका खाली जग्गामा वृक्षारोपण गर्दा अझ प्रभावकारी हुन्छ। यसबाट वातावरण सन्तुलन गर्न मद्दत पुग्दछ। हाम्रा वरिपरि हुने वृक्षारोपण कार्यक्रममा हामी सबै सहभागी हुनु पर्दछ। हामी सबै मिली वृक्षारोपण गर्‍यौं भने अपनत्व अभिवृद्धि हुन जान्छ र हरियाली संरक्षणमा टेवा पुग्दछ।

**वृक्षारोपण गर्दा हुने फाइदाहरू :**

१. वृक्षारोपणले वरिपरिको वातावरण स्वच्छ एवम् हरियालीमय हुन्छ।
२. हामीले दाउरा, घाँस, स्याउला आदि प्राप्त गर्छौं ।
३. बोटविरूवाबाट हामीलाई बाँच्नका लागि चाहिने अक्सिजन प्राप्त हुन्छ।
४. वृक्षारोपण गरेर आयस्रोत बढाउन सक्छौं ।
५ हामीलाई आवश्यक फलफूल, जडीबुटी आदि प्राप्त गर्छौं ।

६. वनजङ्गल पशुपन्छीको बासस्थानलाई जीवअनुकुल बनाउन मद्दत पुग्छ ।

७. वनजङ्गले भू-क्षय हुनबाट बचाउँछ ।

८. वातावरण संरक्षण सम्बन्धी कार्यहरूमा विद्यार्थीहरूलाई प्रत्यक्ष सहभागी गराई वातावरण प्रति उत्तरदायित्व बोध गराउन सकिन्छ ।




~~*सरसफाई गरेको चित्र*~~

हामी आफ्नो गाउँघर सफा सुग्घर राख्नु पर्दछ । सम्पूर्ण वडाबासीले समय समयमा सरसफाइको स्थितिको बारेमा थाहा पाउन अनुगमन/निरीक्षण गर्नुपर्छ । हामी आ-आफ्नो घर वरिपरिको वातावरण स्वच्छ एवं सफा सुग्घर राख्यौं भने हामी स्वस्थ एवं निरोगी हुन्छौं । यदि हाम्रा घर वरिपरिको वातावरण फोहोर तथा दुर्गन्धित छ भने हामीलाई विभिन्न किसिमका संक्रामक रोगहरू लाग्न सक्छन् । हामी आफ्ना घर वरिपरिको वातावरणमा रहेका फोहोर व्यवस्थापन गर्नु अति आवश्यक हुन्छ । प्रत्येक गाउँटोलबाट समय समयमा जनसहभागिता जुटाई सामूहिक रूपमा सरसफाइ अभियान चलाउनु पर्दछ । समाजमा घर वरिपरि फोहोर थुपार्नेहरूलाई सम्झाई बुझाई गर्ने, भनेको नमान्ने वा अटेरी गर्नेहरूलाई नसिहत दिनु पर्दछ । हाम्रो गाउँ सफा भएमा वडा क्षेत्र सफा हुन्छ यसरी गाउँ र वडा सफा भयो भने हाम्रो नगरपालिका पनि स्वच्छ र सफा हुन्छ । घर वरपरको वातावरण सफा गर्नेलाई पुरस्कारको व्यवस्था गर्दा सकारात्मक सन्देश पुग्नुको साथै सरसफाइका लागि प्रधिस्पर्धा हुन्छ ।

हामी सरसफाईलाई आ-आफ्नो गाउँघरबाट नै शुरूवात गरेमा स्वस्थ जीवनयापन गर्न पाउँछौं । समुदायका प्रत्येक व्यक्ति शारीरिक, मानसिक, भावनात्मक तथा सामाजिक रूपमा स्वस्थ हुन अत्यन्त जरूरी छ । हामी स्वस्थ भयौं भने हाम्रो दैनिक क्रियाकलाप गर्न सजिलो हुन्छ । स्वास्थ्य नै धन हो भन्ने कुरालाई मनन् गरी वरपरको वातावरण सफा राख्नु हामी सबैको साझा कर्तव्य हो । हामीले हाम्रो घर, आँगन, गोठ, करेसाबारी, बाटोघाटो, पानीको मुहान, चौतारो, मठमन्दिर, मस्जिद आदि सफासुग्घर राख्नु पर्दछ ।

**सफा तथा स्वच्छ वातावरणको महत्त्वहरू :**

१. सफा तथा स्वच्छ वातावरणमा बसेर पढ्न, खेल्न र रमाउन सकिन्छ ।

२. वातावरण स्वच्छ भएपछि शुद्ध हावा प्राप्त गर्न सक्छौं ।

३ वातावरण सफा भएमा झिँगा, लामखुट्टे, भुसुना आदिको टोकाइबाट लाग्ने रोगहरूबाट बँच्न सकिन्छ ।

४. वातावरण सफा भएमा हावाबाट सर्ने, दुर्गन्धबाट फैलिने रोगहरूबाट बच्न सकिन्छ।

५. हाम्रा वरिपरिको वातावरण सफा भएमा हामी सभ्य मानिस कहलाउछौँ।

६. वातावरण सफा भएमा हाम्रो मन प्रसन्न हुन्छ।

७. हाम्रा वरिपरिको वातावरण आकर्षक देखिन्छ।

८. वातावरण स्वच्छ र सफा भएमा पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ।

**अभ्यास**

१. **खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :**

क) हाम्रा वरिपरि रहेका खाली जग्गामा ..................गर्नुपर्दछ।

ख) हामीले बोटविरूवाबाट....................ग्याँस प्राप्त गर्दछौँ।

ग) समुदायले संरक्षण गरेको वनलाई ....................वन भनिन्छ।

घ) वनजङ्गलबाट हामी ..................प्राप्त गर्दछौं।

ङ) हामी आफ्नो गाउँघरलाई ....................राख्नु पर्दछ।

२. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

क) वृक्षारोपण भनेको के हो ?

ख) वृक्षारोपण गर्दा हुने फाइदाहरू लेख्नुहोस्।

ग) वातावरण दूषित हुने कुनै ५ ओटा कारणहरू लेख्नुहोस्।

घ) वातावरण प्रदूषणबाट बच्ने कुनै २ ओटा उपायहरू लेख्नुहोस्।

ङं) हामीले आफ्नो गाउँघर किन सफा राख्नु पर्दछ ?

**परियाजना कार्य** :

घरबाट निस्कने फोहोर वस्तुहरूलाई तपाईँले कसरी व्यवस्थापन गर्नु भएको छ ? उपयुक्त विधिहरू लेखी यसबाट हुने फाइदाहरूको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस्।

# हरियाली विद्यालय र स्वच्छ नगर



विद्यालय वरिपरि रहेका खाली जग्गामा फूलबारी वा बोटविरूवा लगाएर विद्यालयको वातावरणलाई हराभरा बनाउन सकिन्छ। हरियाली विद्यालय बनाउन शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरू तथा सम्पूर्ण अभिभावकहरू लाग्नु पर्दछ। बालबालिकाहरूले अधिकांश समय विद्यालयमा बिताउने भएको हुँदा विद्यालयप्रति आकर्षण बढाउन विद्यालय वरिपरी हरियाली प्रवर्द्धन गर्न आवश्यक हुन्छ। विद्यालय क्षेत्रमा हरियाली कायम राख्दै विद्यालय हाता सुरक्षित राख्न सकिन्छ। विद्यालय वरिपरि बोटविरूवा लगाएर विद्यालयको आम्दानी बढाउन सकिन्छ। विद्यालय वरिपरि बोटविरूवा भएको, उर्जाको सही बचत र सदुपयोग गर्ने, वातावरण मैत्री व्यवहार गर्ने, वातावरण संरक्षण गर्ने, सुदृढ सिकाई वातावरण भएको विद्यालयलाई हरियाली विद्यालय भनिन्छ। वृक्षारोपण गरेर वातावरण जोगाउन सकिन्छ। विद्यालयमा अनिवार्य बोटविरूवा लगाउनु पर्छ।



एक विद्यालय एक फूलबारीको अवधारणा अनुसार प्रत्येक विद्यालयमा फूलबारीको निर्माण गर्नुपर्दछ। फूलबारीमा मौसम अनुसारको फलफूल लगाउनु पर्दछ। यसरी हामी सबै मिलेर वातावरण हराभरा बनाउन फूलबारी बनाउनु पर्दछ। साथै अरू खाली ठाउँमा बोटविरूवा लगाई वातावरण जोगाउनु पर्दछ। प्रत्येक वडामा सञ्चालित विद्यालयहरूमा बोटविरूवा तथा फूलबारीको निर्माण भयो भने हाम्रो गुलरिया नगरपालिका पनि हराभरा हुन्छ गुलरिया नगर सुन्दर एवं आकर्षक देखिन्छ। यी आकर्षणले गर्दा पर्यटकहरूलाई समेत आकर्षित गर्न मद्दत मिल्छ। गुलरिया नगरभित्र निर्माण भएका कालोपत्रे सडकको बीचमा बनाइएको हरितपेटीहरूमा लगाइएका बोटविरूवा तथा फूलबारीले पनि नगरलाई सुन्दर बनाएको छ। यसको संरक्षण र रेखदेख गर्नु हामी सबैको

साझा दायित्व हो। नगर क्षेत्रमा कलकारखाना, होटल, हाटबजार, मानिसको भीडभाड धेरै हुने भएकोले फोहोरमैला र प्रदूषण बढी हुन्छ। धेरै मात्रामा गाडी मोटर चल्ने भएको हुँदा त्यसबाट निस्कने धूलो, धुवाँले सहरबजार प्रदूषित हुन्छ। फोहोर मैला र प्रदूषणले गर्दा सहरबजारको सुन्दरतालाई नै बिगारेको हुन्छ। त्यसकारण नगरमा हुने प्रदूषणलाई नियन्त्रण गर्न फोहोरमैला व्यवस्थापन गर्नुका साथै समुदायमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ। हामी चेतनशील भयौँ भने हाम्रो नगर स्वच्छ र सुन्दर देखिन्छ।

**हरियाली विद्यालय र स्वच्छ नगरका विशेषताहरू :**

क) हरियालीले विद्यालय र नगरको वातावरण हराभरा र आकर्षक एवं सुन्दर देखिन्छ।
ख) हरियालीले वातावरणलाई स्वच्छ बनाउनु मद्दत गर्दछ।
ग) प्रकृति र वातावरण बिच सन्तुलन कायम गर्न हरियालीले महत्त्वपूर्ण भूमिका खेल्दछ।
घ) फूलबारीले विद्यालय वरिपरिको र नगरभित्रको वातावरणलाई सुगन्धित र आकर्षक बनाउँछ।
ङ) गर्मीको समयमा हरियाली वातावरणले शितलता प्रदान तथा तनाव मुक्त बनाउन सहयोग गर्दछ।
च) विद्यालय र नगरको हातामा लगाइएको फूलबारी तथा बोटविरूवाले गर्दा विद्यालय तथा नगरको हातालाई सुरक्षित बनाउन सकिन्छ।
छ) स्वच्छ र हरियाली नगर भएमा नगर क्षेत्र आकर्षक देखिन्छ।
ज) नगरक्षेत्र हरियालीमय भएमा पर्यटकहरूलाई आकर्षण गर्दछ।

**अभ्यास :**

**क) तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. हरियाली विद्यालय भनेको के हो ?
२. विद्यालयमा बोटविरूवा लगाउँदा हुने कुनै पाँचओटा फाइदाहरू लेख्नुहोस्।
३. विद्यालयमा फूलबारी किन आवश्यक छ ?
४. वनजङ्गलमा पाइने कुनै दशओटा बोटविरूवाहरूको नाम लेख्नुहोस्।
५. हरियाली विद्यालयका विशेषताहरू लेख्नुहोस्।

**ख) तलको खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस्।**

१. बोटविरूवा लगाएर विद्यालयको हाता ....................राख्न सकिन्छ।
२. विद्यालय वरिपरि बोटविरूवा तथा फूलबारी भएको विद्यालयलाई .....................भनिन्छ।
३. प्रकृति र वातावरण बिच ..................कायम गर्न हरियालीको प्रमुख भूमिका हुन्छ।
४. विद्यालयमा भएको फूलबारीले विद्यालय वरिपरिको वातावरण ................हुन्छ।
५. हरियाली एवं स्वच्छ नगर भएमा ..................आकर्षित हुन्छन्।

**परियोजना कार्य :**

विद्यार्थीहरूको सङ्ख्या अनुसार समूह बनाई विद्यालयको खाली ठाउँमा वृक्षारोपण गर्नुहोस्। प्रत्येक दिन विरूवाको अवलोकन गरी आवश्यक पानी, मल दिनुहोस्। विरूवामा देखिएका परिवर्तनको प्रतिवेदन तयार गरि कक्षामा प्रस्तुत गर्नुहोस्।

पाठ ४

# हरियाली प्रवर्द्धनमा हाम्रो सहभागिता

**हरियाली प्रवर्द्धन :**



मानव र वनस्पति बीचको सम्बन्ध अनादि कालदेखि रहँदै आएको छ । बारेमा भन्नुपर्दा हामीलाई एक अर्का विना बाँच्न कठिन छ । बोटविरूवा नभए हामीलाई स्वस्थ्य जीवनयापन गर्न कठिन हुन्छ । हामीहरूले बोटविरूवाको संरक्षण, रेखदेख गरेनौँ भने बोटविरूवाको संख्यामा कमी आइ हाम्रो वरिपरिको वातावरण प्रदूषित हुन्छ । वनस्पतिहरू धार्मिक तथा सांस्कृतिक चालचलनहरूसँग जोडिएका हुन्छन् । वातावरणमा दिगोपना कायम राख्न हरियाली प्रवर्द्धन गर्न अति नै उत्तम विकल्प हो । विद्यालयमा हरियाली भएमा वरिपरिको वातावरण स्वच्छ, मनोरम र सिकाइमैत्री हुन्छ । हामी सबैलाई आवश्यक पर्ने अक्सिजन वनस्पतिबाट नै प्राप्त गर्दछौं । हरियाली भएको ठाउँमा पुग्दा हामीलाई तनाव मुक्त महसुस हुन्छ । हाम्रा विद्यालय वरिपरि यदि खाली जग्गा छ भने विभिन्न किसिमका बोटविरूवाहरू लगाई त्यसको सुन्दरता बढाउन सकिन्छ । हामीलाई आवश्यक पर्ने काठ, दाउरा, स्याउला आदि हरियाली क्षेत्रबाट नै प्राप्त गर्दछौ । त्यसकारण हाम्रा गाउँघर नजिक रहेका सामुदायिक वनहरू पनि हामी सम्पूर्ण समुदाय मिली बचाउनु पर्दछ । हाम्रो समुदायमा भएका वनको सदुपयोग हामीले नै गर्नु पर्दछ । आजभोलि वृक्षारोपणका लागि हरेक क्षेत्रबाट पहल भइरहेको देखिन्छ । गुलरिया नगरपालिका र वडा कार्यालयले पनि समय समयमा वृक्षारोपणको कार्य गरिरहेको हामीले देखेका छौं । यसरी गरेको वृक्षारोपणको संरक्षण, सम्बर्द्धन गर्नु हाम्रो कर्तव्य हो ।



हरियालीले जलवायु परिवर्तनलाई न्यूनीकरण गर्दछ । विद्यालयमा खाली रहेको ठाउँमा अनिवार्य वृक्षारोपण गरी हरियाली बनाउन सकिन्छ । यसैगरी वडा क्षेत्रभित्र पनि खाली ठाउँमा वृक्षारोपण गरी हरियाली

वातावरण बनाउन सकिन्छ । विद्यालय र वडामा मात्र नभई बाटो घाटो तथा सडकको छेउछाउ र घर वरिपरिको खाली जग्गामा समेत वृक्षारोपण गर्नुपर्दछ । यसरी हरेक ठाउँमा वृक्षारोपण हुँदा वातावरण हरियालीमय हुन्छ । प्रत्येक गाउँ, टोल नगरभरि हरियाली प्रवर्द्धन सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्नु पर्दछ । हरियाली विद्यालयहरूलाई पुरस्कृत गर्ने कार्य हुनु पर्दछ । फूलबारी निर्माणका लागि स्थानीय तह, विद्यालय लगायत सम्पूर्ण सरोकारवालाहरूले फूलबारी निर्माण गर्न हातेमालो गर्नु पर्दछ। आफ्नो विद्यालय र नगरक्षेत्रलाई हरियाली बनाउन सबै सरोकारवालाहरू आ-आफ्नो ठाउँबाट लागिरहनु पर्दछ। यो एउटा सामूहिक कार्य भएकोले सबैको योगदान आवश्यक पर्दछ। यस कार्यलाई गति दिनका लागि हामी शिक्षक, विद्यार्थी, अभिभावक, किसान, व्यापारी, जनप्रतिनिधि लगायतले आ-आफ् नो स्थानबाट योगदान गर्नुपर्दछ। यसैगरी संघ सस्था, नगरपालिका, पालिकाका प्रमुख, उप प्रमुख, वडा कार्यालयका पदाधिकारी समेतको सहयोगले यस कार्यलाई तिब्रता दिन आवश्यक छ । हामी आफ्ना वरिपरि भएका हरियालीलाई कायम राख्न समय समयमा वृक्षारोपण अनिवार्य रूपमा गर्नु पर्दछ।

**हरियाली प्रवर्द्धनका विशेषताहरू :**

**क) हरियालीले सुन्दरता बढाउँछ :**

हामी मानिस सुन्दरता मन पराउने प्राणी हो। सुन्दरताले हाम्रो मनलाई प्रसन्न बनाउँछ। आजभोलि कृत्रिम भन्दा प्राकृतिक सुन्दरता मन पराउनेहरूको संख्या दिन दिनै थपिंदै गइरहेको छ । जुन बगैंचा, रूखविरूवा, फूलहरूले भरिभराउ हुन्छ त्यहाँ मानिसहरूको आगमन बढी हुन्छ। घर, विद्यालय, नगरको वरिपरि भएका बोटविरूवा तथा वनस्पतीले त्यहाँको सुन्दरता बढाएको हुन्छ। जुन ठाउँमा बोटविरूवा फूलबारी छैनन् भने त्यहाँको घर, विद्यालय तथा नगर सुक्खा तथा उजाड देखिन्छ । हामीले बोटविरूवा लगाएर, हुर्काएर, संरक्षण गरेर सुन्दरता बढाउनु पर्दछ।



**ख) वातावरण स्वच्छ बनाउँछ :**

बोटविरूवाहरूले वातावरणलाई स्वच्छ राख्न ठुलो भूमिका खेल्दछन् । यिनले वातवरणमा रहेका विभिन्न हानिकारक ग्याँसलाई शोषण गर्न मद्दत पुऱ्याउँछन् । सहरहरूमा ठूला-ठूला भवनहरू मात्र हुन्छन्, बोटविरूवाहरू कम हुन्छन्, वातावरण दूषित हुन्छ र त्यहाँका अधिकांश मानिसहरू रूघाखोकी, श्वासप्रश्वास, मुटु तथा छालाहरूका विभिन्न रोगहरूबाट ग्रसित हुन्छन्। गाउँमा वनजङ्गल स्वच्छ हावापानी हुने भएकोले गाउँघरतिरका मानिसहरू स्वस्थ, निरोगी, बलिया र फूर्तिला हुन्छन् । बोटविरूवामा हुने औषधीय गुणका कारण हानिकारक किटाणुहरू पनि मर्ने गर्दछन्। यसरी हाम्रा वरिपरिको वातावरण स्वच्छ बनाउन हरियालीले सहयोग पुऱ्याउँछ।

**ग) छहारीका रूपमा प्रयोग :**

बोटविरूवाले हामीलाई गर्मीको समयमा छायाँ तथा शीतलता प्रदान गर्दछ। बोटविरूवाले हामीलाई मात्र होइन अन्य प्राणीलाई समेत छहारी दिन्छ। रूखको छहारीमुनि गाई, भैंसी आदि चौपाया जनावरहरूलाई बाँध्ने, राख्ने गर्दछौं भने धेरै प्रकारका पंक्षीहरू सुरक्षाको लागि घरको रूपमा बोटविरूलाई प्रयोग गर्दछन्।

**घ) जलवायु परिवर्तन न्यूनीकरणमा सहयोग :**

हाम्रा वरिपरि भएका बोटविरूवाले जलवायु परिवर्तन न्यूनीकरण गर्न प्रमुख भूमिका खेलेका हुन्छन्। किनभने बोटविरूवाले नै पानी पार्न मद्दत गर्दछ। बोटविरूवाहरू नभएको ठाउँमा पानी पर्ने सम्भावना न्यून हुन्छ। पानी परेतापनि खण्डवृष्टि हुन्छ।

**ङ) जडीबुटी प्राप्त हुन्छ :**

हाम्रा वरिपरि पाइने केही बनस्पतीहरूबाट हामीलाई औषधीय गुण भएका जडीबुटीहरू प्राप्त हुन्छन्। जसलाई हामी औषधीको रूपमा प्रयोग गर्न सक्छौँ। ती जडीबुटीहरूमा अमला, तुलसी, नीम, हर्रो बर्रो, कुरिलो आदि पर्दछन्। यस्ता वनस्पतीले हाम्रो स्वास्थ्यको रक्षा गर्दछन्। तसर्थ वनस्पती मानिसको मित्र हो।

**अभ्यास**

**क) तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

१. हरियाली प्रवर्द्धन भनेको के हो ?
२. जलवायु परिवर्तन न्यूनीकरण गर्न के-के कार्यहरू गर्नु पर्दछ ?
३. हाम्रा वरिपरी रहेका बोटविरूवालाई कसरी जोगाउन सकिन्छ ?
४. हरियाली प्रवर्द्धनमा नगरपालिकाको भूमिका उल्लेख गर्नुहोस्।
५. हरियाली प्रवर्द्धनका लागि गर्न सकिने कार्यहरूको सूची बनाउनुहोस्।

**परियोजना कार्य** : १

घरमा भएका फूलफुल्ने विरूवाहरू ल्याएर स्कुलको फूलबारीमा रोप्नुहोस् र आवश्यकता अनुसार पानी तथा मल दिनुहोस्। ती विरूवाहरूको उचित संरक्षण गरी प्रत्येक विरूवाहरूको नाम लेख्नुहोस्।
(नोट : नाम लेख्नका लागि टिनको पाताको प्रयोग गर्न सकिन्छ। सम्भव नभएको खण्डमा पेपरमा लेखी वा प्रिन्ट गरी लेमिनेटेट गरेर राख्नुहोस्। आवश्यक परेमा शिक्षकको सल्लाह लिनुहोस्।)

**परियोजना कार्य** :२

हरियाली प्रवर्द्धनमा जनप्रतिनिधिहरूको भूमिकाको बारेमा लेख लेखी स्थानीय पत्रपत्रिका वा अनलाइनमा प्रकाशित गर्नुहोस्।

पाठ ५


# सोकपिट निर्माण र महत्त्व

दैनिक रूपमा उत्पादन हुने घरायसी फोहरहरूलाई उचित तरिकाले व्यवस्थापन गर्नको लागि निश्चित मापदण्ड अनुसार बनाइएको खाडललाई सोकपिट भनिन्छ। हाम्रो घरको दैनिक कार्यमा पानीको ठूलो महत्त्व रहेको छ। दैनिक रूपमा खाना पकाउँदा, नुहाउँदा, लुगा धुँदा, सागपात तरकारीहरू धुँदा पानीको प्रयोग नगरी हुँदैन। काममा प्रयोग भएको फोहोर पानीलाई उचित तरिकाले व्यवस्थापन गर्न र हामीले प्रयोग गर्ने स्नान गृह, शौचालयको सेफ्टी टेङ्कीको पानी भण्डारण क्षमताका लागि हामीले सोकपिट निर्माण गर्नु पर्छ। सोकपिट निर्माण गर्नाले घरमा दैनिक रूपमा प्रयोग भइसकेको फोहोर पानीलाई सजिलै व्यवस्थापन गर्न सकिन्छ। त्यसैले वातावरण सरसफाइमा सोकपिटको ठुलो महत्त्व रहेको छ। सोकपिट निर्माण कार्यले हाम्रो घरमा प्रयोग भइसकेको फोहोर पानी खुल्ला रूपमा बाहिर जम्न पाउँदैन सोकपिटमा जम्मा भएको उक्त पानीलाई करेसाबारीको तरकारीहरूमा सिँचाईको लागि प्रयोग गर्न सकिन्छ। शौचालयको टेङ्कीको पानीलाई सबै सोकपिटले सोस्ने भएकोले टेङ्की छिटो छिटो भरिने समस्या हुँदैन। जसले गर्दा खुल्ला रूपमा हुने फोहोरको न्यूनीकरणमा मद्दत पुग्दछ।

**सोकपिट निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू :**

१. सोकपिट निर्माण गर्दा सबैभन्दा शुरूमा उचित ठाउँको व्यवस्था हुनु पर्दछ।

२. पानी नजम्ने ठाउँमा सोकपिटको निर्माण गर्नु पर्दछ।




३. सोकपिट निर्माण गर्दा खनेको खाल्डामा चारैतिर कम्तीमा १ मिटर ठाउँ छुट्ने गरी निर्माण शुरू गर्नु पर्दछ।

४. ईट्टाको सोकपिट बनाउँदा चारैतिर इटाको जाली वा प्वाल बनाउनु पदर्छ।

५. सोकपिटको चारैतिर छुटेको ठाउँमा आवश्यक मात्रामा ढुङ्गा, गिट्टि राख्नु पर्दछ।

६. सोकपिट निर्माण गरिसकेपछि माथिबाट सोकपिटलाई ढक्कन बनाएर छोप्नु पर्दछ। अन्यथा बाहिरको वस्तुहरू सोकपिट भित्र पस्न सक्ने हुन्छ।

**सोकपिटको महत्त्व तथा फाइदाहरू :**

१. दैनिक प्रयोग भइसकेको फोहोर पानीको उचित व्यवस्थापन हुन्छ।



२. प्रयोग हुने शौचालयको सेफ्टी टेङ्की लामो समय सम्म पानीले भरिदैन ।
३. प्रयोग भइसकेको फोहोर पानी बाहिर खुल्ला रूपमा जम्न पाउँदैन ।
४. सोकपिटमा जम्मा भएको पानीलाई करेसाबारीमा हाल्न सकिन्छ जसले तरकारी उत्पादनमा सहयोग पुग्छ ।
५. प्रयोग भइसकेको पानी ढल निकासमा नमिसिने हुनाले पानीका स्रोत दूषित हुनबाट बचाउन सहयोग गर्दछ ।

**अभ्यास :**

**क) तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

१. सोकपिट भनेको के हो ?
२. सोकपिटको महत्त्व बुँदागत रूपमा लेख्नुहोस् ।
३. सोकपिट निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू के के हुन् ?
४. घरमा प्रयोग भइसकेको पानीको उचित व्यवस्थापनमा सोकपिटको ठूलो भूमिका हुन्छ किन ?

**परियोजना कार्य :**

घरमा भएको धारा नजिकै उचित ठाउँमा एउटा सोकपिट निर्माण गरी पानी जम्मा गर्नुहोस् । उक्त सोकपिट निर्माण हुनु भन्दा अगाडिको अवस्था र सोकपिट निर्माण भइसके पछिको अवस्था विच के फरक पाउनु हुन्छ ? प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# विपद् सावधानी र सुरक्षा व्यवस्थापन

**सिकाइ उपलब्धिहरू :**

- स्थानीय स्तरमा हुने विपद् जोखिम न्यूनीकरणका उपायहरू भन्न,
- वडा स्तरमा हुने विपद् व्यवस्थापनका लागि गरिएका प्रयास भन्न र सहभागी हुन,
- नगरस्तरमा प्रकोप व्यवस्थापनमा संलग्न सामाजिक संघसंस्थाहरूले गरेका कार्यक्रमहरु भन्न,
- सडक दूर्घटना न्यूनीकरण गर्ने उपायहरू बताउन र
- सडक सुरक्षामा स्थानीय ट्राफिक प्रहरीको भूमिका बताउन ।



# विपद्

विपद् दैवी तथा प्रकृतिजन्य प्रकोप हो। विपद् अचानक घट्ने अवस्था हो। आँधीहुरी, अतिवृष्टि, बाढी, आगलागी, भूकम्प, ज्वालामुखी विस्पोट, सडक दुर्घटना, जहाज दुर्घटना, अनावृष्टि चट्याङ आदिका कारण हुने आपत्ति तथा समस्यालाई विपद् भन्दछन्। यी र यस्तै प्रकृतिका घटना जन्य विपद्लाई वा आपत्कालीन अवस्थालाई व्यवस्थित गर्नु विपद् व्यवस्थापन हो। विपद् व्यवस्थापनको उद्देश्य विपद्को प्रभावलाई नियन्त्रण गर्नु हो। विपद्मा काम गर्ने संघसंस्था वा व्यक्तिहरू गर्नु पर्ने पहिलो कार्य भनेको प्रकोप पश्चात विपद् प्रभावितहरूका लागि राहत उपलब्ध गराउनु हो। यस अन्तर्गत उद्धार सहायता, औषधि सहयोग, खाना, लत्ताकपडा, खाने पानीको आपूर्ति आदि पर्दछन्। विपद्को घडीमा जीउधनको सुरक्षा गर्नु, क्षतिलाई रोक्नु नै महत्त्वपूर्ण कुरा हो।

उद्धार टोली घटनास्थलमा पुग्नु अघि विपद्बाट एक प्रकारको क्षति भइसकेको हुन्छ। अरू थप क्षति हुन नदिन विपद् व्यवस्थापकको ठूलो भूमिका रहेको हुन्छ। विपद्मा परेकालाई निश्चित् र सुरक्षित स्थानमा पुर्‍याउनु, उनीहरूमा पर्न गएको मानसिक तथा शारीरिक समस्याको निराकरण गर्नु, घटनास्थलको अवस्था, पूर्ववत् नहुञ्जेल सम्म उनीहरूलाई गास, बास र कपासको व्यवस्था गर्नु विपद् व्यवस्थापनको कार्य हो। जोखिम रहेका समुदायहरूको सुरक्षा गर्नु राज्यको दायित्त्व हुने गर्दछ।

गुलरिया नगरपालिका पनि जोखिमयुक्त पालिका हो। वर्षायाममा बबई नदीमा नदीको बहाव बढेर बालापुर, बगही, गुलरिया, महम्मदपुर, तुलसीपुर, खैरापुर, मथुरा हरिद्वारका वस्तीहरू डुब्ने गरेका छन्। यसैगरी गर्मी याममा आगलागी भई धनजनको क्षति भएको छ। वर्षेनी हावाहुरीका कारण कच्ची घर, वनजङ्गलहरू तहस नहस पारिदिएको हुन्छ। यस्तै खालमा घटनाहरूले जन्माएका विपद् गुलरिया नगरबासीले पनि भोग्नु परेको छ।

विपद्लाई न्यूनीकरण गर्नका लागि अपनाइने पूर्व सावधानीलाई विपद् सावधानी भनिन्छ। नदि कटान क्षेत्रमा तटबन्धन गर्न, बाढी पहिरोका जोखिम क्षेत्रमा रहने समुदायलाई पूर्व सूचनाको व्यवस्था मिलाउने प्रकोपको सम्भावित स्थलका मानिसहरूलाई सुरक्षित स्थानमा बस्ने व्यवस्था मिलाउने, सूचना प्रणालीलाई चुस्त दुरूस्त गराउने, आगलागी हुन नदिन सलाई, लाइटर आदि बालबालिकाको पहुँचबाट टाढा राख्ने, दुर्घटना प्रभाव क्षेत्रमा सात चिह्नको व्यवस्था गर्ने, विपद्बाट बच्नका लागि जनचेतना मूलक सन्देश प्रवाह गर्ने जस्ता महत्त्वपूर्ण कार्य गरिएमा विपद् न्यूनीकरणमा सहयोग पुग्दछ। विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थानीय सरकार, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नेपाल रेडक्रस सोसाइटी, जनियर सर्कल, स्वयम सेवक, स्थनीय पत्रकार (सञ्चारकर्मी), राजनितिक दल, जनप्रतिनिधि, गैर सरकारी संघ संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।

१. **बाढी :**

वर्षायाममा लगातार भारी वर्षाका कारण विभिन्न नदीहरूमा पानी बढेर आउँदाको अवस्थालाई बाढी भनिन्छ। अधिक मात्रामा पानी एकत्र हुनु हो। सामान्यतयाः वर्षा याममा अत्यधिक पानी परेपछि नदीमा बाढी आउँछ। बाढीले आसपासका जमीन काटेर लैजाने र सम्म भागमा नदीका आसापासका

जमीन र बस्तीहरूलाई डुबाउने गर्दछ । जसलाई डुबान भन्ने गरिन्छ । बाढीको कारण हाम्रो गुलरिया नगरपालिका पनि वर्षेनी विपद् जोखिममा परिरहेको हुन्छ । यस नगरपालिकामा अवस्थित बालापुर, बगही, कोठिया, थपूर्वा, लालपुर, बाँधुपुर, गुलरिया बजारको उत्तरी र पूर्वी क्षेत्रहरू बबई नदिको बाढीले वर्षेनी डुबानमा परिरहेका छन् । त्यसैले यस क्षेत्रको बाढी विपद्का समस्याहरू न्यूनीकरणका लागि स्थानीय सरकार, सरोकारवाला संघसंस्था, व्यक्तिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । गुलरियालाई सुरक्षित बनाउन बवई नदीको दुबै तर्फ स्थायी तटबन्धन अत्यावश्यक छ ।



**बाढीबाट बच्ने उपायहरू :**

१. नदी तटीय क्षेत्रमा बस्न हुँदैन ।
२. होचो भूभागमा आवतजावत गर्न हुँदैन ।
३. गाउँ र वस्तीमा बाढी आयो भने उचो भूभागमा जानुपर्छ र समूहमा बस्नुपर्छ ।
४. उचो भूभागमा जाने ठाउँ छैन भने आफ्नो घरको पहिलो, दोस्रो तला वा छतमा बस्न सकिन्छ । छतमा पनि बस्न सक्ने अवस्था भएन भने बाहिरबाट गएका उद्धार टोलीलाई आफ्नो समस्याहरू भन्नुपर्दछ ।
५. इन्टरनेटबाट लगातार सूचना लिँदै सञ्चारमाध्यमबाट प्राप्त सूचनालाई आधार बनाएर सतर्क हुनुपर्छ ।
६. सूचना अनुसार सुरक्षित ठाउँको पहिचान पहिले नै गर्ने र बाढी आइहाले त्यो ठाउँमा जानु पर्दछ ।
७. ठुलो पानी परेपछि जमिन कमजोर हुने भएकाले भिरालो जमिनमा बस्दा उच्च सतर्कता अपनाउनुपर्छ ।
८. रातीमा भारी वर्षा भए जोखिम युक्त क्षेत्र नजिक भए नसुती चनाखो भै बस्नुपर्छ ।
९. महत्त्वपूर्ण कागज तथा सामाग्रीहरू झटपट झोलामा आफैसँग राखी जोगाउनु पर्छ ।
१०. बाढी पूर्वानुमान शाखाको पैसा नलाग्ने नम्बर (११५५) मा फोन गरेर कता बाढी आउँदैछ भन्ने कुराको जानकारी लिनु पर्छ ।
११. टर्चलाइट, रेडियो, मोबाइल साथमा राख्नुपर्छ ।

२. **हावाहुरी** : विशेषगरी सुख्खा गर्मी मौसममा पश्चिमी वायुको उच्च वहावका कारणले तीव्र गतिमा हावा र पानी संगै चल्ने प्राकृतिक प्रक्रियालाई हावाहुरी भनिन्छ । हावा हुरीले विभिन्न भौतिक संरचनाहरू, बोटविरूवा तथा वनजङ्गलहरू विनाश गर्दछ । जसले गर्दा ठुलो जनधनको क्षति हुने गर्दछ । यो एउटा प्राकृतिक प्रक्रिया भएकोले यसलाई रोक्न सक्ने अवस्था हुँदैन ।



त्यसैले हावाहुरीबाट बच्न हामी आफैले उच्च सतर्कता अपनाउनु पर्ने हुन्छ ।

खासगरी हावाहुरीले कमजोर संरचनाहरूको विनाश गर्ने भएकोले गाउँ वस्तीहरूमा यसको प्रभाव बढी परेको देखिन्छ ।

**हावाहुरीबाट बच्ने उपायहरू :**

१. हावाहुरी चलेको बेलामा घरको अवस्था कमजोर छ भने घरभित्र बस्नु हुँदैन । आफूले सुरक्षित स्थानको खोजी गर्नु पर्दछ ।

२. हावाहुरी चलेको बेला रूखको तल वा रूख भएको ठाउँको नजिक जानु हुँदैन ।

३. हावाहुरी चलेको बेलामा आगो बाल्नु हुँदैन यदि आगो बलेको अवस्था छ भने तुरून्त निभाउनु पर्छ ।

४. घरको छानो कमजोर छ भने त्यसलाई हावाले उडाउन नदिनको लागि वैकल्पिक उपाय अपनाउनु पर्छ । जस्तै डोरी, तारले कस्ने वा गरुङ्गो वस्तुले दबाब दिएर राख्ने ।

५. हावाहुरी चलेको बेलामा आफ्नो घरमा भएको खानेकुराहरू राम्रो सँग छोप्ने । अन्यथा खानेकुरामा धुलो पर्न सक्ने हुन्छ ।



३ **चट्याङ्गः** चट्याङ्ग भनेको आकाशमा वादलहरूबिचको घर्षण शक्तिको कारण उत्पन्न हुने एक प्रकारको विद्युतीय चार्ज हो । हुरीबतासको मौसम वा वर्षायाममा वायुमण्डलमा विपरीत दिशाबाट तीब्र गतिको वायु वा वादल एकापसमा ठोक्किंदा चर्को आवाजसहित बढी भोल्टको विद्युतीय लहर उत्पन्न भई खास बाटो बनाएर जान्छ, यसलाई नै चट्याङ्ग भनिन्छ । यसले अग्ला घरहरू, टावर तथा रूखहरूमा असर पुऱ्याउँछ ।

**चट्याङ्गबाट बच्ने उपायहरू**

१. पानी परेको बेलामा घरभन्दा बाहिर निस्कनु हुँदैन ।

२. बिजुली चम्केको बेला सतर्क रहनु पर्छ ।

३. पानी परेको बेलामा फोन, कम्प्युटर, रेडियो, टेलिभिजन जस्ता विद्युतीय सामग्रीहरू चार्जमा नराखी स्वीच अफ गर्ने ।

४. विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम जस्ता चिसो वस्तुहरू नछुने ।

५. सकभर अग्लो ढिस्को र रूखमुनि तथा जमीनमा नबस्ने ।

६. खुला ठाउँमा भए कुनै घर सम्भव भए कडा छाना भएको कार, बस वा ट्रकभित्र बस्ने ।

७. धातुका ह्याण्डल, चेन भएको ब्याग वा अन्य सामान नबोक्ने नछुने ।

**अभ्यास :**

**क) तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

१. विपद् व्यवस्थापन भनेको के हो ? स्पष्ट पार्नुहोस् ।

२. विपद् निम्त्याउन सक्ने प्राकृतिक प्रकोपहरू लेख्नुहोस् ।

३. विपद्का बेला गरिने सबै भन्दा पहिलो काम के हो ?
४. गुलरिया नगरपालिकाका विपद् निम्त्याउने प्रमुख घटनाहरू कुन-कुन हुन् ?
५. विपद् न्यूनीकरणमा सम्वद्ध संस्थाहरूको नाम उल्लेख गर्नुहोस् ।
६. हावाहुरीबाट हुने समस्याहरू न्यूनीकरणका उपायहरू के-के हुन् ? लेख्नुहोस् ।
७. चट्याङ्ग भनेको के हो ? चट्याङ्गले पार्ने असरहरू लेख्नुहोस् ।
८. के-कस्ता घटनाबाट विपद् आइलाग्छ ? स्पष्ट पार्नुहोस् ।

**ख) तलका खाली ठाउँहरूमा उपयुक्त शब्द भर्नुहोस् ।**

१. विपद् भनेको ....................................अवस्था हो ।
२. वर्षायाममा लगातार भारी वर्षाका कारण विभिन्न नदीहरूमा पानीको सतह बढेर आउँदाको अवस्थालाई .................... भनिन्छ ।
३. बाढीबाट बच्न सञ्चार माध्यमबाट आएको सूचनालाई आधार बनाएर .................. हुनुपर्छ ।
४. आकाशबाट वर्षायाममा जमीनमा खस्ने एक प्रकारको विद्युतीय करेन्टलाई .............. भनिन्छ ।
५. चट्याङ्गबाट बच्न ............................... रहनु पर्छ ।
६. सुख्खा, गर्मी मौसममा तीव्र गतिमा हावा र पानीसँग पश्चिमी वायुको उच्च बहावलाई .........भनिन्छ।

# जोखिम न्यूनीकरणका उपाय

प्राकृतिक रूपमा र महामारीका कारण आपत्‌कालीन अवस्था सिर्जना भई जनधनको क्षति विपद् हो । यसले मानिसको दैनिक जीवनयापन र वातावरणमा पनि नकारात्मक असर पार्दछ । भूकम्प, बाढीपहिरो, आगलागी, आँधी, डढेलो, शीतलहर, असिना, जङ्गली जनावरको आक्रमण, सडक दुर्घटना, खडेरी, महामारी आदि विपद्का घट्नाहरू हुन् । यो प्राकृतिक र मानवद्वारा सिर्जित हुन्छ । यस विषयसँग सम्बन्धित रही शिक्षक र विद्यार्थीहरू विच भएको कुराकानी पढौं ।

शिक्षक : भाइ बहिनीहरू, ! आज हामी स्थानीय स्तरमा हुने जोखिम र न्यूनीकणका उपायका विषयमा छलफल गरौँ है त ।

विद्यार्थीहरूः हुन्छ, सर ।

शिक्षक : स्थानीय स्तरमा हुने जोखिम भनेको के हो ? कसले भन्नुहुन्छ ?

वृहत : आगलागी, बाढी पहिरो हो सर ।

शिक्षक : तपाईँले भन्नु भएका प्रकोपहरू हुन् । यी प्रकोप पछि हुने असरहरू के के हुन् त ?

विपिन : वन विनास हुन्छ, धनजनको क्षति हुन्छ ।

शिक्षक : त्यस्तै अरू के के हुन्छ त ?

वृहत : घरमा आगो लाग्दा घरमा भएका सामानहरू जल्छन्, घरमा मानिस जल्ने पनि हुन्छ सर ।

विपिन : जङ्गलमा आगो लाग्दा जङ्गली जनावरहरू जल्छन् । चराचुरूङ्गीको गुडँहरू पनि जल्छ नि सर ! होइन र ?

शिक्षक : हो ठिक भन्नु भयो । बाढी पछि के हुन्छ त ?

वृहत : बाढी पछि घरमा बस्न कठिन हुन्छ । हिलो र फोहोरको गन्ध आउँछ । सुत्न, बस्न खाना पकाउन ठाउँ हुदैन, पानी दूषित हुन्छ । जसले गर्दा झाडा पखाला, आउँ, टाइफाइड जस्ता रोगहरू लाग्छन सर ।

शिक्षक : ठिक भन्नुभयो । कुनै पनि प्रकोपबाट सिर्जना हुन सक्ने नकारात्मक परिणामहरूको समग्र अवस्था जोखिम हो । यसले कुनै ठाउँमा निश्चित समयावधि भित्र हुनसक्ने सम्भावित मानवीय, जैविक वा धन सम्पत्तिको क्षति गराउँछ । फोहर मैलाका कारण रोग फैलने जोखिम बढ्छ ।

विपिन : जोखिमहरू के के हुन सक्छन ? त सर ।

शिक्षक : सुन्नुस् है त ! सबै जनाले ध्यान दिएर ।

**आगलागी पछि हुने जोखिमहरूः**

क) धन जनको विनाश हुन्छ ।

ख) पशुपन्छीको बासस्थानको नाश हुन्छ । जङ्गली जनावरको बासस्थान नष्ट हुन्छन् ।

ग) वायुमण्डल दूषित हुन्छ । जसले गर्दा जलवायु परिवर्तनमा असर पुग्छ ।

घ) आर्थिक विकाशमा अवरोध आउँछ ।

वृहत : सर ! बाढी पहिरोका जोखिमहरू के के हुन् ? त !

शिक्षक : बाढी पहिरो पछि भूक्षय हुन्छ । खेती योग्य जमिनको नास हुँदा भोकमरी पर्छ । अभावका कारण चोरी बढ्छ । फोहोर मैलाका कारण दूर्गन्ध फैलिन्छ । दूषित पानीका कारण विभिन्न सरूवा रोग लाग्छन् ।

विपिन : गत साल आँधिहुरी आउँदा हाम्रो घर छेउको रूख ढलेर घर भत्काइ दिएको थियो सर ।

शिक्षक : हो ठिक भन्नु भयो । आँधिहुरीका कारण घरगोठ भत्किने, रूखले च्यापेर मानिस र पशुहरू च्यापिने पनि हुन्छ साथै आगलागी पनि हुन सक्छ है । साथै चट्याङबाट पनि जनधनको क्षति हुन सक्छ ।

वृहत : यी जोखिम न्यूनीकरणका उपायहरू के के छन् ? त सर !

शिक्षक : जोखिम न्यूनीकरणका उपायहरू निम्न छन् ।

- जनजनमा सचेतना फैलाउने,
- मानव सिर्जित नकारात्मक व्यवहारमा सुधार गर्ने ,
- जथाभावी रूपमा रुख विरूवा नकाट्ने,
- खाली ठाउँमा वृक्षारोपण गर्ने,
- नदी छेउमा तटबन्धन गर्ने,
- बाढी पूर्व सतर्कता अपनाउने,
- आगोको प्रयोग पछि राम्ररी निभाउने,
- सलाइ, लाइटर जस्ता वस्तु बच्चाको पहुँच भन्दा टाढा राख्ने,
- जङ्गलमा आगो नलगाउने,
- आगलागी भएको देखेमा तुरून्तै दमकल बोलाउने,
- हावाहुरी भएका बेला सुरक्षित ठाउँमा बस्ने,
- भूकम्प प्रतिरोधक घरहरू बनाउने बाटोघाटो बनाउँदा बिचार पुऱ्याउने,
- प्रकोपको समयमा सुरक्षा अपनाउने ।

वृहत : विपद् न्यूनीकरणको बारेमा प्रष्ट पारिदिनु भएकोमा धन्यवाद, सर ।

शिक्षक : धन्यवाद भाइबहिनीहरूलाई पनि ।

**अभ्यास**

१. विपत् कति प्रकारका हुन्छन् ? नाम लेख्नुहोस् ।

२. कस्ता जोखिमलाई स्थानीय जोखिम भनिन्छ ?

३. आगलागी पछि हुने जोखिमहरू के-के हुन् ?

४. जोखिम न्यूनीकरणका उपायहरू लेख्नुहोस् ।

**परियोजना कार्य**

स्थानीय स्तरमा हुने जोखिमहरू र त्यसको न्यूनीकरणका उपायहरूहरू चार्टपेपरमा लेखी कक्षामा प्रदर्शन गर्नुहोस् ।

# विपद्मा सामाजिक संघ संस्थाको भूमिका

विपद्ले मानिसको दैनिक जीवनयापन र वातावरणमा पनि नकारात्मक असर पार्दछ । भूकम्प, बाढीपहिरो, आगलागी, आँधी, डढेलो, शितलहर, असिना, जङ्गली जनावरको आक्रमण, सडक दुर्घट्ना, खडेरी, महामारी आदि विपद्का घट्नाहरू हुन् । यो प्राकृतिक र मानवद्वारा सिर्जित हुन्छन् । यस्ता विपद्हरूलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाउनुलाई विपद् व्यवस्थापन भनिन्छ । व्यवस्थापनमा विभिन्न सामाजिक संघ संस्थाहरू संलग्न छन् । नगरपालिका, वडा कार्यालय, सुरक्षा निकायहरू, वन कार्यालय, जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस सोसाइटी, सञ्चार माध्यम, पलान नेपाल, राधाकृष्ण थारू जनसेवा केन्द्र, थारू महिला उत्थान केन्द्र, कमैया महिला जागरण समाज आदि संघसंस्थाहरू विपद् व्यवस्थापनमा सक्रिय रहेका छन् ।

**नगरपालिकाको भूमिका :**

निश्चित जनसङ्ख्या भौगोलिक अवस्थिति र विकासका पूर्वधारका आधारमा स्थापना भएको स्थानीय तहलाई नगरपालिका भनिन्छ । नगरपालिका जनताको सबै भन्दा नजिकको सरकार पनि हो । नगरपालिकाले विपद् व्यवस्थापनमा निम्न कार्यहरू गर्दछ । गुलरिया नगरपालिकाले विपद्को समयमा गर्ने कार्यहरू निम्नानुसार रहेका छन् :

(क) कार्यकारी समितिबाट स्वीकृत योजना, कार्यक्रम तथा निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी स्थानीय निकायको रूपमा कार्य गर्ने ।

(ग) नदी नियन्त्रण, बाढी, पहिरो, भूकम्प, भु-मण्डलीय तापमान वृद्धि, जलवायु परिवर्तन, भू-उपयोग र विभिन्न प्रकोप तथा विपद्का सम्भावित कारक र न्यूनीकरणका उपायको विषयमा अध्ययन, अनुसन्धान गर्ने, गराउने ।

(घ) वडा कार्यालयलाई विपद् व्यवस्थापन सम्बन्धी आवधिक योजना निर्माण गर्न आवश्यकता अनुसार आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ङ) विपद् व्यवस्थापन सम्बन्धी कार्यमा गैरसरकारी संस्था, निजी क्षेत्र एवं स्थानीय समुदायलाई संलग्न गराउने तथा तिनीहरूको कार्यमा समन्वय एवं सहजीकरण गर्ने ।

(च) वडास्तरमा खोज तथा उद्धार समूहको गठन तथा क्षमता विकास गरी प्रभावकारी खोज, उद्धार तथा राहत प्रदान गर्ने, गराउने,

(छ) विपद्को घट्ना हुनासाथ त्यस्ता घट्नाबाट असर पर्न सक्ने क्षेत्रमा रहेका व्यक्तिलाई उद्धार गर्ने, गराउने र विपद् प्रभावित बासिन्दाको जीउधनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन सम्बन्धित निकायसँग समन्वय गर्ने ।

(ज) विपद् व्यवस्थापनका लागि स्थानीयस्तरका प्रशासनिक तथा सुरक्षा संयन्त्र तत्काल परिचालन हुने गरी दुरूस्त राख्न लगाउने ।

(झ) विपद् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने, गराउने ।

(ञ) विपद्को समयमा खोज, उद्धार तथा राहत कार्यका लागि तत्काल परिचालन गर्ने ।

(ट) विपद्का लागि आपत्कालीन गोदाम घर सञ्चालन गर्ने तथा प्राप्त राहत सामग्रीको व्यवस्थापन गर्ने ।

(ठ) विपद्बाट प्रभावित व्यक्तिका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गर्ने, गराउने ।

(ड) विपद् व्यवस्थापन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

(ढ) नेपाल सरकारका विभिन्न निकाय लगायत अन्य संस्थालाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित विषयमा सल्लाह सुझाव दिने ।

(ण) विपद् प्रभावितको खोज तथा उद्धारका लागि सुरक्षा निकाय, खोज तथा उद्धार समूह, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट, स्वयंसेवक, प्राविधिज्ञ लगायतका सरोकारवाला संस्थालाई परिचालन गर्ने, गराउने ।

**वडा कार्यालयको भूमिका :**

स्थानीय स्तरमा सेवा दिने एउटा निकाय वडा कार्यालय हो । वडा कार्यालयबाट विभिन्न सेवाहरू लिन सकिन्छ । वडा कार्यालयबाट व्यक्तिगत घट्ना दर्ता, नागरिकताका लागि सिफारिस, विभिन्न किसमिका कर संकलन बसाइँसराइको प्रमाणपत्र जस्ता सेवा सुविधा प्रदान गर्नुको साथै वडा भित्रको विकास निर्माण कार्यहरू गरिन्छ । वडा कार्यालयले विपद् व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । वडाले गर्ने कार्यहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) नगरपालिकाको नीति नियम अनुसार कार्य गर्ने ।

(ख) विपद् जोखिम स्थानको अनुगमन र पहिचान गर्ने ।

(ग) विपद् सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(घ) विपद्मा परेकालाई उद्धार र राहत प्रदान गर्ने ।

(ङ) आपत्कालीन शीर्षकमा बजेट छुट्याई उपयुक्त समयमा सदुपयोग गर्ने ।

(च) अन्य काम कर्तव्य नियामानुसार गर्ने गराउने ।

**सुरक्षा निकाय (प्रहरी, सेना, सशस्त्र प्रहरी, नगर प्रहरी) को भूमिका :**

सुरक्षा निकायले हामीलाई सुरक्षा प्रदान गर्दछन् । मानिसको जिउधन र सार्वजनिक सम्पत्तिको सुरक्षा प्रदान गर्ने जिम्मेवारी सुरक्षा निकायको हो । यी निकायले समाजमा शान्ति, कायम गराउने दायित्त्व पनि निर्वाह गरिरहेका हुन्छन् । समाजमा आपराधिक क्रियाकलापमा संलग्न मानिसहरूलाई पक्राउ गरी कानुनको दायरामा ल्याएर सजाय दिलाउने काममा पनि सहयोग पुऱ्याउछँन् तर सजाय दिने काम सुरक्षा निकायको होइन । यसको साथै विपद् व्यवस्थापनमा पनि यी निकायले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । विपद्को समयमा सुरक्षा निकायका कार्यहरू निम्नानुसार छन् :

(क) विपद् सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(ख) विपद्मा परेकालाई उद्धार गरी सुरक्षित स्थानमा पुऱ्याउने ।

(ग) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्ने ।

(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तथा स्थानीय प्रशासन ऐनको कार्यान्वयन गर्ने ।

(ङ) स्थानीय विपद्, प्रतिरक्षा योजना अनुकूल कार्यक्रमको विकास तथा कार्यान्वयनका लागि स्थानीय सरकारलाई सहयोग गर्ने ।

(च) विपद् जोखिम मूल्याङ्कन र विशेष आवश्यकताहरूको महत्त्वलाई जोड दिन केन्द्रीय विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनको प्रवर्द्धन गर्ने ।

**नेपाल रेडक्रस सोसाइटीको भूमिका :**

नेपाल रेडक्रस सोसाइटी एउटा अन्तर्राष्ट्रिय संस्था हो । यसका संस्थापक जाँ हेनरी ड्युना हुन् । उनले इ.स. १८६३ अक्टोवर २० मा मानव कल्याणको लागि केही गर्नु पर्छ भन्ने सोचका साथ रेडक्रस संस्था स्थापना गरेका हुन् । नेपालमा यसको स्थापना वि.स. २०२० भाद्र १९ गते गरिएको हो । यो एक गैर नाफामुखी संस्था हो । जहाँ विपद् त्यहाँ रेडक्रस भन्ने आदर्श र यसका सात सिद्धान्तलाई अनुसरण गर्दे गुलरिया नगरपालिकामा रेडक्रसको भूमिकालाई उल्लेख गर्न सकिन्छ

(क) खाद्य, गैर खाद्य सामाग्री तथा अस्थाई आवास ब्यवस्थापनमा सहयोग गर्ने ।

(ख) आपत्कालीन आवास तथा बन्दोबस्त व्यवस्थापनमा सहयोग गर्ने ।

(ग) विपद् व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता विकासका लागि तालिम सञ्चालन गर्न सहयोग गर्ने ।

(घ) विपद्मा परेकालाई राहत उपलब्ध गराउने ।

यसरी नै स्थानीय स्तरमा र राष्ट्रिय स्तरमा खुलेका संघ संस्थाहरूले समेत विपद् व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछन् ।

**अभ्यास**

१. विपद् भनेको के हो ?

२. विपद् व्यवस्थापनमा संलग्न संघ संस्थाहरूको सूची बनाउनुहोस् ।

३. नगरपालिकाले विपद् व्यवस्थापनमा के-कस्ता कार्यहरू गर्न सक्छ ? सूची बनाउनुहोस् ।

४. तपाईंले समाजमा विपद्बाट बच्न के-कस्ता उपाय अपनाउनु हुन्छ, लेख्नुहोस् ।

५. वडा कार्यालयले विपद् व्यवस्थापनमा खेल्ने भूमिकाहरू उल्लेख गर्नुहोस् ।

**परियोजना कार्य :**

बबई नदीको अवलोकन गरी विपद् निम्त्याउन सक्ने सम्भावित ठाउँहरूको बारेमा अध्ययन गरेर प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# सडक दुर्घटना

सडक दुर्घटना भन्नाले सडकमा गुडिरहेको एउटा सवारी साधनले अर्को सवारी साधन, पैदल यात्री, जनावर वा अन्य कुनै संरचनाहरू (रुख, पोल आदि) लाई ठक्कर दिएर हुने घटनालाई बुझिन्छ। सडक दुर्घटनाको कारणबाट धनजनको क्षति हुने गर्दछ । मुलुकका विभिन्न स्थानमा भएका सडक दुर्घटनामा थुप्रै नागरिले ज्यान गुमाएका र कैंयौ घाइते भएका समाचारहरू निरन्तर सुन्नमा आइरहन्छन् । तीव्र गतिमा गाडी चलाउनु, क्षमता भन्दा बढी यात्रु चढाउनु, ओभरलोड, मादक पदार्थ सेवन गरी गाडी हाक्नु, ट्राफिक नियमहरूको पालना नगर्नु र सडकको दुरावस्था आदि कारण सडक दुर्घटनाहरूका कारण हुन् । मुख्य सडकहरूमा जथाभावी पशुचौपाया छोडेका कारण तथा पैदल यात्रीहरूले लापरबाही पूर्वक सडक यात्रा गर्ने, जथाभावी बाटो काट्ने आदि कारणले पनि सडक दुर्घटना हुने गर्दछन् । नेपालमा वर्षेनी सडक दुर्घटनाबाट थुप्रै नागरिकले ज्यान गुमाउनु परेको तथ्य हाम्रो अगाडि छर्लङ्गै छ । ट्राफिक प्रहरीका अनुसार सडक दुर्घटनाको मुख्य कारण चालकको लापरबाहीलाई लिने गरिन्छ। चालकको लापरबाहीका कारण ६७ प्रतिशत, यात्रुको गल्तीले ४ प्रतिशत, ओभरटेकबाट ४ प्रतिशत, तीव्र गतिका कारण १५ प्रतिशत, यान्त्रिक गडबडीका कारण ४ प्रतिशत र अन्य कारणहरूमा ६ प्रतिशत दुर्घट्ना हुने गर्दछ । सडक दूर्घटना न्यूनीकरण गर्नको लागि निम्न अनुसारका उपायहरू अवलम्बन गर्न सकिन्छ :

- यात्रु सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- दक्ष चालक र लामो दूरीको यात्रामा दुई जना चालकको व्यवस्था गर्ने ।
- सवारी चलाउँदा मोवाइल फोनको प्रयोग नगर्ने ।
- गाडीमा क्षमताभन्दा बढी यात्रु वा सामान नराख्ने ।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाउने ।
- जथाभावी ओभरटेक नगर्ने ।
- पैदल यात्रुहरूले जथाभावी बाटो नकाट्ने अर्थात् तोकिएको ठाउँबाट मात्रै बाटो काट्ने ।
- ट्राफिक प्रहरी र गाडीका समितिबाट निरन्तर अनुगमन गर्ने ।
- गाडीभित्रै डस्टविन फोहोर तथा कन्टेनरको व्यवस्था गर्ने ।
- छाडा पशु चौपाया नियन्त्रण गर्ने ।
- सडक अवरूद्ध हुने गरी सभा सम्मेलन नगर्ने, धर्ना दिने जस्ता कार्यक्रमहरू नगर्ने ।
- बाटोको छेउमा निर्माण सामाग्री नथुपार्ने ।
- सडक छेउछाउमा भएका अव्यवस्थित भौतिक संरचनाहरू हटाउने ।
- सवारी साधनहरू समय समयमा मर्मत गरी चुस्त दुरूस्त राख्ने ।
- ट्राफिक चिन्हहरू पर्याप्त मात्रामा राख्ने ।
- ट्राफिक सङ्केतहरूको प्रयोग गर्ने ।

यसका साथै सडक दुर्घटना न्यूनीकरणका लागि आवश्यक ऐन, नीतिनियम बनाएर लागु गर्नुपर्छ र भएका कानुनहरूमा समेत समय सापेक्ष परिमार्जन गर्दै लैजानु पर्छ । सडक दुर्घटना रोक्न सरकारी

तवरबाट कडा भन्दा कडा कानुन ल्याउनु पर्छ। ट्राफिक नियमहरूको उल्लङ्घन गर्ने सवारी चालकहरूलाई कडा कानुनी कारवाही गर्नुपर्छ। माथि उल्लिखित कुराहरू पदैल यात्री तथा सम्पूर्ण सवारी चालकहरूले आत्मसाथ गर्न सकेमा सडक दुर्घटना न्यूनीकरण भई ठूलो मात्रामा हुने धनजनको क्षतिलाई कम गर्न सकिन्छ।

**सडक सुरक्षामा स्थानीय ट्राफिक प्रहरीको भूमिका**

ट्राफिक प्रहरी कर्मचारीको मुख्य काम सवारी आवागमनलाई सुचारू रूपले सञ्चालन गर्नु, सवारी ऐन विपरीत चलेका सवारी साधनहरूलाई कानुन बमोजिम कारवाही गर्नु, राजस्व बृद्धि गराउनु र दुर्घटना न्यून गराउनु हो। त्यसको रेखदेख र व्यवस्थापन गर्नु ट्राफिक प्रहरीको कर्तब्य हो सवारी साधनका चालकहरूलाई सवारी सञ्चालन सम्बन्धी नीति नियम ट्राफिक नियमका बारेमा जानकारी दिनु पनि ट्राफिक प्रहरीको प्रमुख कार्य हो। नेपालमा सडक यातायातलाई सुरक्षा र चेकजाँच गर्नका लागि ट्राफिक प्रहरी परिचालन गरिएको हुन्छ। सडकमा हिँड्ने, यातायात साधनमा यात्रा गर्ने महानुभावलाई सचेत सजग र जिम्मेवार नागरिक बनाउने र पैदलयात्रुको जीवन रक्षा तथा दुर्घटना कम गर्नको लागि सचेतना मुलक कार्यक्रम गर्ने जिम्मेवारी समेत ट्राफिक प्रहरीको हुन्छ। अतः सडक यातायातलाई सुरक्षित बनाउनको लागि स्थानीय ट्राफिक प्रहरीले निम्न अनुसारको भूमिका निर्वाह गर्नुपर्छ।

- पैदल यात्रु तथा सवारी चालकहरूको लागि सचेतना मुलक कार्यक्रमहरू सञ्चालन गर्ने।
- क्षमताभन्दा बढी यात्रु वा सामान राख्ने, तीव्र गतिमा गाडी चलाउने, जथाभावी ओभरटेक गर्ने जस्ता कार्य गर्नेलाई कारवाही गर्ने।
- नियमित रूपमा मापसे (मादक पदार्थ सेवन) चेक गरी आवश्यक कारवाही गर्ने।
- बेलाबेलामा छड्के जाँच तथा अनुगमन गर्ने।
- ट्राफिक सङ्केतहरू तथा ट्राफिक बत्तीहरू पर्याप्त मात्रामा राख्ने।
- ट्राफिक नियम उल्लङ्घन गर्ने सवारी चालकलाई नियन्त्रणमा लिई र आवश्यक कारवाही गर्ने।
- पैदल यात्रुलाई बाटो काट्न सहयोग गर्ने।
- सवारी चालकलाई सवारी चलाउँदा चलाउँदै मोवाइल फोनको प्रयोग नगर्न सचेत बनाउने।

यसरी सडक यातायातलाई सुरक्षित बनाउनको लागि स्थानीय ट्राफिक प्रहरीले महत्त्वपूर्ण खेलेका हुन्छन्।

# ट्राफिक चिन्हहरू


चेतावनीमूलक ट्राफिक चिन्हहरु
WARNING TRAFFIC SIGNS
चौबाटो (अगाडी शाखा सडक)
चौबाटो अगाडी (मूल सडक)
दाहिने शाखा सडक (बायाँ यदि चिन्ह अर्को तर्फ भएमा)
पदयात्रीले बाटो काट्ने ठाउँ
गोल घुम्ती
दाहिने मोड (बायाँ, यदि चिन्ह अर्को तर्फ भएमा)
दाहिने पुरा मोड (बायाँ, यदि चिन्ह अर्को तर्फ भएमा)
दोहोरो मोड, पहिले बायाँ (दाहिने, यदि चिन्ह अर्को तर्फ भएमा)
दुवैतिरबाट साँगुरिएको सडक
दाहिनेतिरबाट साँगुरिएको सडक (बायाँ, यदि चिन्ह अर्को तर्फ भएमा)
जाँच चौकी
साँगुरो पुल
अगाडी दुई तर्फी बाटो (दाहिने-बायाँ)
अगाडी दुई तर्फी बाटो (सिधा)
4.4m
अगाडी उचाई सीमा
बढी ओरालो
दोहोरो सडक समाप्त
पालुवा जनावर
अगाडि बाटोमा पदयात्रीहरु
कम उचाईमा विमानहरु
टी-जंक्सन
वाई-जंक्सन
दाहिनेबाट सवारी आउन सक्छ
बायाँबाट सवारी आउन सक्छ
खतरनाक दबेको बाटो
ट्राफिक संकेत
उठेको बाटो
रेल गाडी (गेट नभएको)
बढी उकालो
गिट्टी उछिट्टिन सक्ने
नदीको किनार
डाइभर्सन
DIVERSION


ट्राफिक संकेतहरु
आदेशमूलक तथा प्रतिबन्धात्मक ट्राफिक चिन्हहरु
REGULATORY OR MANDATORY TRAFFIC SIGNS
रोक र जान देऊ
दाहिने मोड्न निषेध
प्रवेश निषेध
17
सवारी भार सीमा
40
अधिकतम गति
बायाँ मोड्न निषेध
4.4m
सवारी उचाई सीमा
पार्किङ्ग निषेध
STOP
रोक, हेर र जाऊ
उछिन्न निषेध
एक्सल भार सीमा
10 m
सवारी लम्बाई सीमा
ट्रक निषेध
यु टर्न निषेध
रोक्न निषेध
मोटर सवारी निषेध
40
गति सीमा समाप्त
अगाडी गएर बायाँ मोड (दाहिने, यदि चिन्ह अर्को तर्फ भएमा)
सिधा मात्र जाऊ
GO
जाऊ (अस्थायी चिन्ह)
एक तर्फी सवारी


जानकारीमूलक ट्राफिक चिन्हहरु
INFORMATION TRAFFIC SIGNS
बाटोको अन्त्य
पदयात्रीको बाटो
P
पार्क गर्ने ठाउँ
उछिन्ने ठाउँ
टेलिफोन
वर्क शप
पेट्रोल पम्प
बास बस्ने ठाउँ
रेष्टुरॉ
जलपान स्थल
H
अस्पताल
साईकलको बाटो
वनभोज स्थल
पदयात्रीको बाटो
पदयात्री र साईकलको बाटो
बस बिसौनी
एक तर्फी
एक तर्फी सडक
ट्याक्सी
TAXI
ट्याक्सी पार्क
दुहबी
DUHABI
ठाउँ चिनाउने चिन्ह (बस्तीमा प्रवेश)

**अभ्यास**

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

क) सडक दुर्घटना भनेको के हो ?

ख) सडक दुर्घटना के कारणले हुन्छ ?

ग) सडक दुर्घटना न्यूनीकरण गर्ने उपायहरू के के हुन ?

घ) सडक दुर्घटना न्यूनीकरणका लागि स्थानीय ट्राफिक प्रहरीले के कस्ता भूमिका निर्वाह गर्नुपर्छ ?

ङ) के तपाईँले कुनै सडक दुर्घटना प्रत्यक्ष रूपमा देख्नु भएको छ ? उक्त दुर्घटना हुनुको मुख्य कारण सहित वर्णन गर्नुहोस् ।

१. **तल दिइएका भनाइहरू ठिक भए** (√) **चिन्ह र बेठिक भए** (×) **चिन्ह लगाउनुहोस् ।**

क) सडक दुर्घटनाको प्रमुख कारण ट्राफिक नियमको पालना गर्नु हो ।

ख) गाडी चलाउँदा मादक पदार्थ सेवन गरेर चलाउनु हुँदैन ।

ग) जेब्रा क्रसिङ्ग पैदल यात्रुहरूले बाटो काट्ने ठाउँ हो ।

घ) ट्राफिक नियम अनुसार गाडीको सिमीत गति ४० कि. मि. प्रति घण्टा मापन गरिएको छ ।

ङ) हामीले ड्राइभिङ्ग गर्दा र बाटोमा हिंड्दा दायाँ साइडको प्रयोग गर्नु पर्दछ ।

**परियोजना कार्य**

सडक दुर्घटनाका प्रमुख कारणहरू पत्ता लगाई एउटा प्रतिवेदन तयार पारी कक्षामा छलफल गर्नुहोस् ।

# हाम्रो सम्पदा

**सिकाइ उपलब्धिहरू :**

- छिमेकी पालिका तथा जिल्लाभित्र रहेका सम्पदाहरूको विकास र प्रचारप्रसारमा स्थानीय सरकारको भूमिका बताउन ।
- कृष्णसार संरक्षण क्षेत्रको विकास र संरक्षणका उपायहरू भन्न तथा लेख्न ।

# बर्दिया जिल्लका प्रमुख सम्पदाहरू

१) **बढैयाताल** :



गुलरिया नगरपालिकाको पूर्व तर्फ रहेको छिमेकी पालिका बढैयाताल गाउँपालिका हो । यस पालिकाको वडा नं ५ मा अवस्थित यो ताल बढैयाताल गाउँपालिकाको लागि मात्र नभएर बर्दिया जिल्लाकै प्रमुख सम्पदाको रूपमा परिचित छ । प्राकृतिक रूपले अति सुन्दर दक्षिण एसियाका चराचुरुङ्गीहरूको सुरक्षित वासस्थान रहेको यस तालमा कमलका फूलहरू फूलिरहेका हुन्छन् । यो ताल १०९ विगाह क्षेत्रफलमा फैलिएको छ । तालको संरक्षण र विकासको लागि वरपर आन्तरिक र वाह्य पर्यटकहरूको मनोरञ्जनको लागि पार्क, पिकनिक स्थल, भ्यू टावर लगायतका संरचनाहरू निर्माण गरिएका छन् । यस तालको नामबाट नै बढैयाताल गाउँपालिकाको नामकरण गरिएको हो ।

२) **केदारेश्वर धाम** :



केदारेश्वर धाम बर्दियाको बाँसगढी नगरपालिकामा अवस्थित एउटा धार्मिक सम्पदा हो । आजभोलि यो स्थल धार्मिक आस्थाको केन्द्रका रूपमा परिचित हुनाका साथै धार्मिक पर्यटनको गन्तव्यको रूपमा परिचित हुन थालेको छ । बर्दियाको बाँसगढी नगरपालिका वडा नं. ५ मा अवस्थित केदारेश्वर धामको निर्माण कलात्मक शैलीमा गरिएको छ । यस धाममा १०८ फिट अग्लो शिव लिङ्गको स्थापना गरिएको छ । साउन महिनाका सोमबारहरू, शिवरात्री तथा अन्य विभिन्न पर्वहरूमा यस स्थानमा हजारौँको सङ्ख्यामा भक्तजन तथा पर्यटकहरू आउने हुँदा केदारेश्वर धाम यस क्षेत्रकै धार्मिक पर्यटकीय गन्तब्यको उत्कृष्ट क्षेत्रको रूपमा स्थापित हुन सफल भएको छ ।

३) **सतखलुवा ताल :**



सतखलुवा ताल गुलरिया नगरपालिकाको उत्तरमा पर्ने छिमेकी नगरपालिका बारबर्दिया नगरपालिकाको वडा नं. ९ तथा बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा प्राकृतिक रूपमा अवस्थित छ । बारबर्दिया नगरपालिकाको मध्यवर्ती सामुदायिक वनमा रहेको सुन्दर तालको दृश्यले त्यहाँ आउने/जाने पर्यटकहरूलाई लालायित पार्दछ। गरिब २०० विगाहामा फैलिएको उक्त ताल पर्यटकीय दृष्टिले निकै रमणीय छ। सामुदायिक वनभित्रको तालमा डुङ्गा सयरको व्यवस्था गरिए सँगै त्यस वरपर पर्यटकहरूको भीड लाग्ने गरेको पाइन्छ। सतखलुवा ताल सिमसार क्षेत्रमा पर्ने भएकोले त्यहाँ २ सय ५० भन्दा बढी विभिन्न चराहरू देख्न सकिन्छ। बर्दिया राष्ट्रिय निकुञ्जसँगै सटेको यस तालमा आहारा र पानीका लागि पाटेबाघ, चित्तल, बँदेल लगायतका जनावरहरू आउने गरेको पाइन्छ । तालको विकास र संरक्षणको लागि तीव्ररूपमा सरसफाई गरिनुका साथै आन्तरिक र बाह्य पर्यटकहरूको सेवा सुविधाको लागि नजिकै होमस्टेको व्यवस्था पनि गरिएको छ। जैविक विविधता अध्ययन तथा पर्यटनका दृष्टिकोणले निकै महत्त्वपूर्ण मानिएको सतखलुवा तालमा समय समयमा वनभोज तथा विचरणका लागि जाने मानिसहरूका कारण स्थानीय जनसमुदायहरूका लागि आर्थिक दृष्टिकोणले पनि निकै महत्त्वपूर्ण मानिएको छ।

४) **ठाकुरबाबा मन्दिर :**



बर्दिया जिल्लाको ठाकुरबाबा नगरपालिका पनि यस गुलरिया नगरपालिकाको उत्तर पश्चिममा पर्ने छिमेकी नगरपालिका हो । यस नगरपालिकामा अवस्थित ठाकुरबाबा मन्दिर त्यहाँको एउटा महत्त्वपूर्ण धार्मिक सम्पदाको रूपमा रहेको छ। मन्दिर परिसरमा हरेक वर्ष माघी पर्वको अवसरमा माघी महोत्सव आयोजना गर्ने गरिन्छ। माघे संक्रान्तिको अघिल्लो दिन देखि शुरू हुने मेला चार दिन सम्म लाग्ने गर्दछ। यस मन्दिरमा प्रत्येक शुक्रबार साँझ महाआरती गर्ने गरिएको छ।

**अभ्यास**

१) **तलका खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् ।**

क) बढैयाताल ................. गाउँ पालिकामा अवस्थित छ ।

ख) बढैयाताल ................. क्षेत्रफलमा फैलिएको छ ।

ग) केदारेश्वर धाममा रहेको शिवलिङ्ग ................ फिट अग्लो छ ।

घ) सतखलुवा ताल ............... नगरपालिकामा अवस्थित छ ।

२) **तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क) बर्दिया जिल्लामा रहेका धार्मिक र प्राकृतिक सम्पदाहरू कुन-कुन हुन् ? लेख्नुहोस् ।

ख) केदारेश्वर धाम कुन नगरपालिकामा पर्दछ ? यसको महत्त्व के छ ?

ग) हाम्रो विभिन्न छिमेकी पालिकाहरूमा रहेका सम्पदाहरूको संरक्षण गर्न के-कस्ता कार्यहरू गर्न आवश्यक छ ? लेख्नुहोस् ।

घ) ठाकुरबाबा मन्दिरको परिचय दिँदै यसका प्रमुख आकर्षणहरू बारे लेख्नुहोस् ।

**परियोजना कार्य :**

१) तपाईँले आफ्नो छिमेकी पालिकाहरूमा अवस्थित प्राकृतिक र धार्मिक सम्पदाहरूको दृश्य अवलोकन गरी त्यहाँका मुख्य-मुख्य समस्याहरू पत्ता लगाई प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# विश्वको दुर्लभ वन्यजन्तु कृष्णसार

बर्दिया जिल्लाको गुलरिया नगरपालिका खैरापुर क्षेत्रमा अवस्थित प्राकृतिक अवस्थामा रहेका विश्वको दुर्लभ वन्यजन्तु कृष्णसार संरक्षण क्षेत्र जम्मा १६.९५ वर्ग कि. मी. क्षेत्रफलमा फैलिएको छ। करिब २८१ ओटा कृष्णसारहरू संरक्षण गरि राखिएको यो क्षेत्र आन्तरिक र बाह्य पर्यटकहरूका लागि दिन प्रतिदिन महत्त्वपूर्ण गन्तव्य बन्दै गइरहेको छ। उफ्रिएर समूहमा हिँड्दै गरेका कृष्णसारका बथान निकै आकर्षक देखिन्छ। कृष्णसारले खुला घाँसे मैदान अर्थात् दुबो र घाँसको मैदानमा बस्न र खान रूचाउँछ। त्यसमा पनि यसले आफ्नो रूचिकर घाँस छनौट गरेर खाने गर्दछ। यस बाहेक कृष्णसारले बालीनाली पनि खान मन पराउँछ। विश्वमै दूर्लभ मानिएको कृष्णसार नेपालमा बर्दिया जिल्लाको खैरापुरमा मात्र पाइने भएकोले कृष्णसारहरूको संरक्षण गर्नको लागि नेपाल सरकारले वि.स. २०६५ फागुन १३ गते यस क्षेत्रलाई कृष्णसार संरक्षण क्षेत्रको रूपमा घोषणा गरेको थियो। त्यसपछिको समयमा कृष्णसार हरूको संख्यामा बृद्धि भएको छ। यिनीहरूको निरन्तर अवलोकन गरी संख्या अद्यावधिक गर्ने गरिएको छ। कृष्णसार संरक्षण क्षेत्रलाई व्यवस्थित गर्ने सिलसिलामा आवश्यक भौतिक निर्माण तथा वासस्थान व्यवस्थापन योजना बनाई भविष्यमा यसको संरक्षण र व्यवस्थापनमा स्थानीय समुदायले अझ जिम्मेवारी बहन गर्नुपर्ने देखिन्छ।





**कृष्णसार संरक्षण क्षेत्रको महत्त्वहरू :**

१. आन्तरिक तथा वाह्य पर्यटकहरूको आगमन बढाउन।
२. कृष्णसारहरूको उचित बासस्थान र संरक्षणमा उचित भूमिका निर्वाह गर्न।
३. समग्र देश र स्थानीय पालिकालाई विश्वमा चिनाउन।
४. जङ्गली वनस्पति र जीवन्तुहरूको वृद्धि र विकास गर्न।
५. आर्थिक राजस्व सङ्कलनमा सहयोग पुऱ्याउन।
६. प्रकृतिमा पारिस्थितिक पद्धतिलाई सन्तुलन गराउन।

**कृष्णसार संरक्षणमा देखा परेका मुख्य समस्याहरू :**

१. कृष्णसार संरक्षण क्षेत्र वरिपरिको जग्गा अतिक्रमण भएको।

२. कृष्णसारहरूको चोरी सिकारी भैरहेको ।

३. संरक्षण क्षेत्रमा भुस्याहा कुकुरहरूको जथाभावी प्रवेश अर्थात् खुला सिमाना भएको ।

४. समयअनुकुल चरणक्षेत्र, हरियो घाँस, र पर्याप्त पिउने पानीको अभाव रहेको ।

५. जथाभावी संरक्षण क्षेत्रमा खुल्ला रूपमा गाई, भैंसी, भेंडा बाख्राहरूको चरणक्षेत्र हुनु जसको कारणले अरू जनावरमा भएका रोगहरू कृष्णसारहरूमा सर्ने समस्या भएको ।

**कृष्णसार संरक्षणमा उत्तरदायी निकायहरू :**

क) बर्दिया राष्ट्रिय निकुञ्ज

ख) डिभिजन वन कार्यालय गुलरिया, बर्दिया

ग) कृष्णसार संरक्षण क्षेत्र गुलरिया, बर्दिया

घ) वन तथा वातावरण मन्त्रालय

ङ) स्थानीय समूहका पदाधिकारी

**अभ्यास :**

१) **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस ।**

क) कृष्णसार संरक्षण क्षेत्रको महत्त्व लेख्नुहोस् ।

ख) कृष्णसार संरक्षण क्षेत्रमा देखिएका मुख्य समस्याहरू के-के हुन् ? उल्लेख गर्नुहोस् ।

ग) कृष्णसारको लागि कस्तो बासस्थानको आवश्यकता पर्दछ ?

घ) कृष्णसार संरक्षण क्षेत्र संरक्षणको लागि हाल कुन-कुन निकायको बढी भूमिका रहेको छ ?

ङ) 'कृष्णसार संरक्षण क्षेत्र संरक्षणमा हामी विद्यार्थीको भूमिका' भन्ने विषयमा लेख तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

२) **तलका खाली ठाउँहरूमा उपयुक्त शब्द भर्नुहोस् ।**

क) कृष्णसार संरक्षण क्षेत्र ..............जिल्लाको..................ठाउँमा अवस्थित रहेको छ ।

ख) कृष्णसार संरक्षण क्षेत्र ................... क्षेत्रफलमा फैलिएको छ ।

ग) कृष्णसार संरक्षण क्षेत्र .................. सालमा स्थापना भएको थियो ।

घ) कृष्णसारहरू ...................... मा खान र बस्न रूचाउँछन् ।

३) **तलका वाक्यमा ठिक भए (✓) र बेठिक भए (✗) चिह्न लगाउनुहोस् ।**

क) कृष्णसारहरू जङ्गलमा बस्न रूचाउँछन् ।

ख) कृष्णसार संक्षणको लागि बर्दिया राष्ट्रिय निकुन्जको भूमिका उल्लेख्य रहेको छ ।

ग) हामी विद्यार्थीहरू कृष्णसार संरक्षण क्षेत्रको संरक्षणमा लाग्नु हुँदैन ।

घ) कृष्णसारको उचित संरक्षणको लागि स्थानीय समुदायलाई बढि जिम्मेवारी दिनु पर्छ ।

ङ) कृष्णसार विश्वमा सबै ठाउँमा पाइने जन्तु हो ।

**परियोजना कार्य :**

शिक्षक वा अभिभावकसँग कृष्णसार संरक्षण क्षेत्रको अवलोकन भ्रमण गरी कृष्णसारको परिचय सहितको प्रतिवेदन तयार गर्नुहोस् ।

# गुलरिया गान

*रचना : शिक्षक प्रभात सुवेदी*

गाउँछौँ गाथा गुलरियाको ।
हाम्रो आफ्नै फुलरियाको ॥

पूर्वै पर्यो बढैयाताल, पश्चिम मधुवन हजुर ।
उत्तर पर्यो बारबर्दिया, दक्षिण आफ्नै सूरजपुर ॥
सरयू नदी, बेल र कुश, कृष्णसार, खैरापुर ।
तपोभूमि, स्वर्गैतुल्य, उर्वर हाम्रो भूमि हजुर ॥

अनेक धर्म, भाषाभाषी, आफ्नै मौलिक संस्कृति।
बचाउनु छ परम्परा, हटाउँदै विकृति ॥
रम्दै गर्छौँ खेतीपाती, उन्नत बिउ लगाउँदै ।
पशुपालन, बगर खेती, प्रविधिमा रमाउँदै ॥

स्वच्छ नगर हरियाली सौन्दर्यको खानी यो ।
सफा सुग्घर, मिठो वचन यही राम्रो बानी हो ॥
मठमन्दिर, गुम्बा, मस्जिद, चर्च हाम्रा धरोहर ।
अलौकिक शक्तिप्रति, विश्वास हाम्रो बरोबर ॥